# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ५, अङ्क ६, पूर्णाङ्क २०१ | २०७६ साउन १ गते बुधबार | Wednesday, 17 July 2019 | www.eratokhabar.com | मूल्य रु. १०


## नेकपाका नेता रणवीर पुर्पक्षका लागि जेल चलान



**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीका पोलिटब्युरो सदस्य भरत बम 'रणवीर' पुर्पक्षका लागि कारागार चलान भएका छन् । उनीसँगै गिरफ्तार भएका सत्यबहादुर शाही भने रिहा भएका छन् ।

जिल्ला अदालत बाँकेमा गत मङ्गलबार भएको बहसपछि अदालतले नेता रणवीरलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएपछि उनी ... बाँकी पृष्ठ ७ मा

# राज्य दोहनको वितण्डा

## बाढीपीडितलाई क्षतिपूर्ति र रोजगारको व्यवस्था गर – विप्लव, महासचिव, नेकपा



■ **रातो खबर संवाददाता**/काठमाडौं

भारतले नेपालको सीमानजिकबाट पूर्वपश्चिम भीमकाय अग्ला सडक, तटबन्ध र नदीको प्राकृतिक प्रवाह अवरोध हुने गरी बाँध निर्माण गरेका कारण वर्षासँगै सप्तरी, रौतहट, झापा, पर्सा, धनुषा, बारा, दाङ, बाँकेलगायत जिल्लाका सीमावर्ती भूभागहरू जलमग्न भएका छन् । कोसी र गण्डक बाँधको ढोका नखोल्ने, बहाव नेपालतिर धकेलिदिने गर्दा सप्तरी, सुनसरी, नवलपरासीलगायत स्थानमा डुबान र कटान भएको छ ।

अन्तर्राष्ट्रिय मापदण्डअनुसार अन्तरदेशीय सीमाभन्दा ८ किमि टाढा मात्र बाँध निर्माण गर्नुपर्छ तर भारतले कतिपय स्थानमा दसगजामै त्यसप्रकारका बाँध बनाएको छ । हरेक वर्ष तराई डुबानमा पर्ने गरेको छ । तर सरकारसँग आफ्ना नागरिकको जनधनको रक्षा बाँकी पृष्ठ ७ मा

## बाढीपहिरोका कारण ६० भन्दा बढीको मृत्यु, २६ जना बेपत्ता

अविरल वर्षाका कारण बिहीबारदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरो र डुबानमा परी ६० जनाभन्दा बढीको मृत्यु भएको छ ।

प्रहरीका अनुसार सबैभन्दा बढी प्रदेश नम्बर ३ मा २३ जनाको मृत्यु भएको छ । ललितपुरमा ५, काठमाडौँमा ३, सिन्धुलीमा ४, मकवानपुरमा ४, काभ्रेमा ३, धादिङमा २, रामेछापमा १ र चितवनमा १ जनाको मृत्यु भएको छ ।

यस्तै प्रदेश नम्बर १ मा १९ जनाले ज्यान गुमाएका छन् । खोटाङमा ३, पाँचथरमा १, इलाममा १, झापामा २, उदयपुरमा २, भोजपुरमा ५, ओखलढुङ्गामा ४ र सुनसरीमा १ जनाको मृत्यु भएको छ ।

बाढी र पहिरोमा परेर प्रदेश नम्बर २ मा १४ जनाको मृत्यु भएको छ । पर्सामा २, बारामा २, रौतहटमा ५, महोत्तरीमा २, सिराहामा १ र धनुषामा २ जनाको मृत्यु बाँकी पृष्ठ ७ मा

## सुकुमबासीलाई उठीबास लगाए प्रतिकार गर्ने चेतावनी


सत्तापक्षका दलालहरूले हरैयाका सुकुम्बासीहरूलाई उठिबास गरेपछि...

**धनगढी** : अविरल वर्षका कारण जमिन जलमग्न भइरहेको बेला सरकारले सुकुमबासीको उठीबास लगाएको छ । कैलालीको गोदावरी नगरपालिका वडा नम्बर ६ हरैया शिविरमा बस्दै आएका सुकुमबासीलाई सरकारले उठीबास लगाएको हो । उनीहरूका घरटहरा भत्काउन ... बाँकी पृष्ठ ७ मा

## सर्वोच्चको फैसलाप्रति नेकपाको आपत्ति

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीले जनयुद्धको समयमा शाही नेपाली सेनाबाट विद्रोह गरेर जनमुक्ति सेनामा समावेश भएका झलकुमार भगत र सिंहबहादुर शाहीलाई असार २४ गते सर्वोच्च अदालतले गरेको फैसलाप्रति आपत्ति जनाउँदै मुद्दालाई तुरुन्त फिर्ता गरी ससम्मान रिहा गर्न जोडदार माग गरेको छ ।

पार्टी प्रवक्ता प्रकाण्डले बुधबार विज्ञप्ति जारी गरी भनेका छन्, 'जनयुद्धको समयमा शाही नेपाली सेनाबाट ... बाँकी पृष्ठ ७ मा

## नीरकुमार राईको स्मृतिमा देशैभर श्रद्धाञ्जलीसभा




■ **भीमप्रसाद चापागाईं**/काठमाडौं

असार २५ गते भोजपुरमा नेपाल कम्युनिस्ट पार्टीका सगरमाथा ब्युरो सदस्य नीर कुमार राई 'प्रशान्त' को प्रहरीले हत्या गरेपछि बन्द र हडतालसम्मका कार्यक्रम गरेको नेपाल कम्युनिस्ट पार्टीले असार २९ गते आइतबार देशैभरि श्रद्धाञ्जलीसभा आयोजना गरेको छ ।

उक्त पार्टीको केन्द्रीय कार्यक्रमअनुसार कैलाली जिल्लाले विभिन्न ... बाँकी पृष्ठ ७ मा

## नेकपाका नेता–कार्यकर्ता किसानहरूसँग जनश्रमदान अभियानमा

■ **रातो खबर संवाददाता**/कालीकोट

नेपाल कम्युनिस्ट पार्टीका नेता तथा कार्यकर्ताहरू यतिबेला कालीकोटका विभिन्न गाँउबस्तीमा किसानको खेतबारीमा जनश्रमदान अभियानमा व्यस्त देखिएका छन् ।

प्रायजसो खुला नदेखिने नेकपाका कार्यकर्ताहरू केन्द्रीय समितिले गरेको निर्णयअनुसार कालीकोटका गाउँगाउँमा किसानहरूको खेतबारीमा जनश्रमदान गर्नमा व्यस्त देखिएका हुन् । जिल्लाको बैठकले सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान थप प्रभावकारी बनाउँदै लैजाने निर्णय गरेको एक नेताले बताए ।

कालीकोट जिल्लाका पलाँता, पचालझरना, रास्कोट, सान्नी त्रिवेणी र नरहरिनाथ गाउँपालिकाका विकट गाउँमा नेकपाका नेता र कार्यकर्ता किसानको खेतबारीमा काम गर्न व्यस्त देखिन्छन् ।

अर्धभूमिगत शैलीमा गाउँमा आफ्नो सङ्गठन विस्तारमा सक्रिय रहेका नेकपाका नेता तथा कार्यकर्ता जनमत बटुल्न किसानको खेतबारीमा काम गर्ने अभियान थालेको बताउँछन् ।

कालीकोट जिल्ला सेक्रेटरी मनीलाल ऐडी 'रणदीप' ले ... बाँकी पृष्ठ ७ मा

## सरकार नागरिक हत्यामा उत्रियो : नेकपा

■ **झनक श्रेष्ठ**/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीले बुधबार भोजपुरमा एकजना आफ्नो पार्टीका नेता र एकजना सादा पोसाकका प्रहरीसहित दुईजनाको मृत्युका सन्दर्भमा पार्टीको धारणा सार्वजनिक गरेको छ ।

नेकपा सगरमाथा व्युरो इन्चार्ज अधिकारले विज्ञप्ति जारी गर्दै मृतक सञ्जीव राईको टोली नै तीर्थ घिमिरे हत्याको जिम्मेवार भएको आरोप लगाएका छन् ।

ब्युरो इन्चार्ज अधिकारले 'कमरेड तीर्थका हत्यारासँग जम्काभेट हुँदा प्रतिरोध गर्ने क्रममा कमरेड निरकुमार राई 'प्रशान्त' को सहादत भएको' बताएका छन् । सुरक्षाकर्मीमाथि आक्रमण नगर्ने पार्टी नीति रहेको र पार्टीको त्यही सदासयलाई सरकारले दुरुपयोग गरेर देशलाई भिडन्ततिर धकेलिरहेको आरोपसमेत लगाएका छन् ।

इन्चार्ज अधिकारले विज्ञप्तिमा भनेका छन्, 'यतिबेला सामाजिक फासिवादी जनहत्यारो केपी-पीके सरकार एकपछि अर्को गर्दै नागरिक हत्यामा उत्रिएको छ । भोजपुरका कमरेड तीर्थराज घिमिरेलाई गत जेठ ७ गते भोजपुर टेम्के मयुम गाउँपालिका वडा नं. २ दलसिङ्गेस्थित बाटोमा हिँडिरहेका बेला गिरफ्तार गरी चरम ... बाँकी पृष्ठ ७ मा

## रोल्पाका गाउँगाउँमा प्रहरीको सर्च अप्रेसन



■ **गोपाल गिरी**/काठमाडौं

**रोल्पा** : जनयुद्धकालीन आधारइलाका रोल्पामा केही दिनयता प्रहरीले नेपाल कम्युनिस्ट पार्टीका नेता-कार्यकर्ता खोज्ने भन्दै सर्च अप्रेसन व्यापक बनाएको समाचार प्राप्त भएको छ ।

नेपाल कम्युनिस्ट पार्टीका राप्ती ब्युरो इन्चार्ज सुवासको घर भाबाङदेखि लिएर युवा, विद्यार्थी सङ्गठनका जिल्ला अध्यक्षहरूको घरलगायत रोल्पा परिवर्तन गाउँपालिकाको राङकोट गाउँमा समेत प्रहरीले लगातार तीन दिन खानतलासी गरेर स्थानीय बासिन्दालाई त्रसित बनाएको छ ।

त्यस्तै गङ्गादेव गाउँपालिकालगायत रोल्पा जिल्लाका विभिन्न ठाउँका ... बाँकी पृष्ठ ७ मा

## नेकपामाथि कथित कम्युनिस्ट सरकारको प्रतिबन्ध

**देश/परिवेश**

■ सन्तोष बुढा मगर



'कहीं नभएको जात्रा हाँडीगाउँमा' भनेजस्तै नेपालमा साम्राज्यवादी इशारामा कथित कम्युनिस्टहरूको गठबन्धनमा के सरकार बनेको थियो, एउटा क्रान्तिकारी कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाउन पुगेको छ । यो विश्व परिवेशमा नौलो र पहिलो घटना नभए पनि नेपालमा चाहिँ पहिलो हो । 'आची गर्नेलाई भन्दा देख्नेलाई लाज' भनेजस्तै लाजै नभएका बेसर्मी नकटाहरूको के कुरा गर्नु र 'आचीलाई ढुङ्गा हान्दा छिटो नाकमा' भनेजस्तै भनौं भने छिटो लाग्ने, नभनौं भने यिनले नगर्नु बेइज्जति गरिरहेका छन् । नाक छोपेर पनि ढुङ्गा फाल्नुपर्ने स्थिति आउनु भनेको दुःखद् र लाजमर्नु भएको छ ।

यति बेला सामाजिक दलाल पुँजीवादीहरू कथित कम्युनिस्ट सरकारका नाममा कम्युनिस्टहरूको बदनाम गरिरहेका छन् । दुई तिहाइको सरकार भनिएको कथित कम्युनिस्ट सरकार असफल मात्र होइन, जनता र विश्व जगत्‌बाट समेत बदनाम भएको छ । आफ्नो असफलता र बदनामीको ढाकछोप गर्न नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाउन पुगेको छ । यसले केही आतङ्क र केही भ्रम उत्पन्न गरेको छ । हामीले निरन्तर भन्दै आएका छौं- यी कम्युनिस्ट होइनन् र यिनको नेतृत्वमा बन्ने सरकार कम्युनिस्टहरूको सरकार होइन । यो केवल कम्युनिस्टहरूको बदनाम गराउन साम्राज्यवादीहरूद्वारा अघि सारिएको सामाजिक दलाल पुँजीवादीहरूको सरकार हो । यसबाट समाजवाद, विकास, समृद्धिको आस गर्नु गोरु दुहेर दूधको आशा गर्नुसरह हो, बरु यिनीहरु आएपछि अझ महँगी, भ्रष्टाचार, कमिसन, राष्ट्रघात, जनघात, लुटखसोट दस गुणा बढेको छ । दमन र हिंसात्मक गतिविधिलाई बढाएका छन् । सरकारी गुण्डागर्दी र भिडन्तका नाममा साधारण जनता र देशभक्त, क्रान्तिकारीहरूको गाउँ गाउँ, सहर बजार सादा पोसाकमा कुन बेला कसको हत्या गर्ने हुन्, थाहा छैन । बेलगाम वैधानिकता दिएको छ सरकारले हत्या र हिंसालाई । नागरिकहरूले पनि यस्तै गर्दै गए भने देश कता जाला ? अब यो सरकारले जिम्मा लिनुपर्छ ।

आजभन्दा दुई वर्षअगाडि २०७४ असारमा साम्राज्यवादी डिजाइनमा सम्पन्न गरिएको कथित केन्द्र (सङ्घ) तथा प्रदेशको चुनाव खारेज अभियानको समीक्षासहित बसेको आठौं पार्टी केन्द्रीय समितिको छैटौं पूर्ण बैठकमा यसबारे बिभिन्न कोणबाट छलफल गरेका थियौं । छलफलका केही विषय यस्ता थिए - ... क्रमशः पृष्ठ ३ मा

## सम्पादकीय

# सरकारको प्रतिक्रान्तिकारिता र प्रतिगामिता

केपी वली-पीके दाहाल-रामबहादुर थापामण्डलीको सरकारले देशभर हत्याशृङ्खला मच्चाउनुका साथै राज्यआतङ्क उत्पन्न गरेर प्रतिक्रान्तिकारिता र प्रतिगामिताको निकृष्ट स्वरूप प्रदर्शन गरेको छ। वली सरकारको रामबहादुर गृहप्रशासनले भोजपुर सदरमुकाममा आफ्नो परिवारका सदस्यसँग भेटघाट गरेर कार्यक्षेत्र फर्कने क्रममा बाटोमा जम्काभेट हुँदा भोजपुरमा गत जेठ ७ गते कमरेड तीर्थराज घिमिरे 'राजु' लाई गिरफ्तार गरी हत्या गर्ने समूहका हत्यारा प्रहरी सञ्जीव राईको प्रतिरोध गर्ने क्रममा नेपाल कम्युनिस्ट पार्टीका सगरमाथा ब्युरो सदस्य एवम् ओखलढुङ्गा जिल्ला सेक्रेटरी कमरेड निरकुमार राई 'प्रशान्त' को हत्या गरेर आफ्नो फासिवादी चरित्र देखाएको छ। कमरेड कमरेड निरकुमार राई 'प्रशान्त' एकीकृत जनक्रान्तिका दसौँ महान् सहिद बन्नुभएको छ। मुलुकलाई दलाल पुँजीवादको चङ्गुलबाट मुक्त गरेर वैज्ञानिक समाजवाद स्थापना गर्ने क्रममा एकीकृत जनक्रान्ति तीव्र रूपमा अघि बढिरहेको छ भने यसै सिलसिलामा योद्धाहरूको बलिदानीको सङ्ख्या र घनत्व पनि बढिरहेको छ। असार ५ गते प्रहरीले गिरफ्तार गरी कायरतापूर्ण हत्या गरेका सर्लाही जिल्ला इन्चार्ज कमरेड कुमार पौडेलको रगत नसुक्दै रक्तपिपासु वली सरकारले फेरि अर्का एकजना होनहार क्रान्तिकारी योद्धाको रगतले नेपाली धरती सिँचेको छ। फासिवादी सत्ताको प्रतिरोधमा क्रान्तिकारी शौर्य, त्याग र साहसका साथ उत्सर्ग प्राप्त गर्ने कमरेड प्रशान्तप्रति उच्च सम्मान प्रकट गर्दै उहाँप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्नु क्रान्तिकारीहरूको दायित्व र कर्तव्य हो। महान् जनयुद्धको बलिदानीलाई प्रतिगामी सत्ताको पाउमा सुम्पिएर नेपाली जनताको विद्रोहको अधिकार समाप्त पार्ने केपी वली-पीके दाहाल र रामबहादुरहरूको दुःस्वप्न नेपाली जनताले कहिल्यै पूरा हुन दिने छैनन्। क्रान्तिको ज्वारभाटाले तिनका दुःस्वप्नहरूलाई छिट्टै धूलीसात गरिदिनेछ।

केपी-पीकेमण्डली आफ्नो इतिहास र गौरवप्रति पनि निरन्तर कृघ्न बन्दै गएको छ। तत्कालीन प्रचण्डलाई जनमुक्ति सेनाको सुप्रिम कमान्डर बनाउने जनमुक्ति सेनाका योद्धाहरुलाई अपमानपूर्ण विघटन गरेर मात्र उनीहरुको सपना पूरा भएको छैन, 'जँघार तऱ्यो, लौरो बिर्स्यो' र 'हिँड्दैछ, पाइला मेट्दैछ' को शैलीमा जनमुक्ति सेनाका योद्धाहरुलाई अपराधी करार गर्दै जेल पठाउने निर्णय गराएर वली र दाहालमण्डलीले इतिहासमा कहिल्यै नमेटिने अर्को कलङ्कको टीका लगाएका छन्। महान् जनयुद्धको समयमा तत्कालीन शाही अमेरिकी सेनाबाट विद्रोह गरी महान् जनमुक्ति सेनामा लामबद्ध भएका कमरेड झलकुमार भगत र सिंहबहादुर शाहीलाई केपी वली-पीके दाहालको फासिवादी सत्ताको निर्देशनमा यही असार २४ गते दण्डित गर्ने र जेल हाल्ने फैसला गरिएको छ। यिनै पुष्पकमल दाहाल, रामबहादुर थापाहरूले प्रचण्ड र बादलका नाउँमा तत्कालीन शाही सेना र प्रहरीका विभिन्न निकायका सैनिक र अधिकारीहरूलाई विद्रोह गरी राजतन्त्र ढाल्ने र जनतन्त्र स्थापना गर्ने जनयुद्धमा लामबद्ध हुन आह्वान गरेका थिए। उनीहरूकै आदेश र निर्देशनमा कयौँ सैनिक र प्रहरी विद्रोह गरी जनमुक्ति सेनामा लामबद्ध भएर तत्कालीन सत्ताका विरुद्ध लडेका थिए। उनीहरुले युद्धमैदानमा जनताका तर्फबाट बलिदानसमेत गरेको गौरवशाली इतिहास छ। जनयुद्धमा दसौँ हजार नेपालीको रगत बगेकैले सामन्तवादको प्रतिनिधि संस्था राजतन्त्र धराशयी बनेको थियो। तिनै योद्धाहरूको त्याग, शौर्य, साहस र बलिदानीका कारण आज केपी, पीके र रामबहादुरहरू कथित सङ्घीय गणतन्त्र नेपालमा सत्तासीन बनेका छन्। तर हिजोको आततायी सत्ताबाट विद्रोह गरी जनयुद्धमा लामबद्ध भएर बलिदान हुन तयार भएका योद्धाहरूमाथि दण्डित गर्ने अन्यायपूर्ण निर्णय गर्नु भनेको राजनीतिक प्रतिक्रान्तिको नाङ्गो रूप हो। यसप्रकारको लज्जास्पद निर्णय गराउनुअघि पुष्पकमल दाहाल र रामबहादुर थापाहरूले हिजो आफूहरूले विद्रोह गर्न गरेको अपिललाई सम्झिनु पर्थ्यो तर उनीहरूको विद्रोहचेत र इतिहासस्मृति शून्यमा मात्र होइन, उल्टो गतिमा दौडिइरहेको छ। त्यसैले उनीहरू जनयुद्धमा लामबद्ध हुँदा पार्टीको निर्णय कार्यान्वयन गराउने बालकृष्ण ढुङ्गेलहरूलाई जेल हाल्दै माफी मगाएर जेलमुक्त गराउने दुष्कार्य गराइरहेका छन् भने हिजो शाहीसत्ता ढाल्न त्यहाँबाट विद्रोह गरी जनयुद्धमा लामबद्ध भएर जनमुक्ति सेना बनेर लड्ने झलकुमार भगत र सिंहबहादुर शाहीहरुलाई दण्डित गर्ने फैसला गराइरहेका छन्। यो उनीहरूको नैतिक पतनको पराकाष्टा हो। सत्ताको प्रतिक्रान्तिकारिता र प्रतिगामिताको निकृष्ट रूप हो। यस कार्यको जति निन्दा र भर्त्सना गरे पनि कमै हुन्छ।

केपी-पीकेको निर्देशनमा गराइएको यसप्रकारको निकृष्ट निर्णयप्रति जनयुद्धको उत्तराधिकारी नेपाल कम्युनिस्ट पार्टीले खेद एवम् भर्त्सना गरेको छ। नेकपाले योद्धाहरूलाई विभिन्न आरोप लगाउँदै जेल हाल्ने सर्वोच्च अदालतको फैसलाप्रति आपत्ति जनाउँदै मुद्दा तुरुन्त फिर्ता गरी ससम्मान रिहा गर्न जोडदार माग गरेको छ। न्यायका पक्षपाती सबैले यो अन्यायपूर्ण फैसला दुत्कार्दै बिनासर्त दुवैजनालाई रिहा गर्न माग गर्नुपर्दछ। उक्त निन्दनीय एवम् भर्त्सनायोग्य घटनालाई लिएर पार्टी प्रवक्ता प्रकाण्डले विज्ञप्ति जारी गर्दै भनेका छन्, 'जनयुद्धको समयमा शाही नेपाली सेनाबाट विद्रोह गरेर जनमुक्ति सेनामा समावेश हुने विषय जनयुद्धको विषय हो र त्यसप्रकारका प्रश्नहरूको समाधान विस्तृत शान्तिसम्झौतामा गरिसकिएको दाबी गरिएको छ। तर प्रचण्ड-बाबुरामको नेतृत्वमा भएको जनयुद्धमा सहभागी कमरेडहरू झलकुमार भगत र सिंहबहादुर शाहीलाई प्रचण्डकै नेतृत्वको सरकार भएको समयमा दण्डित गर्ने अदालतको फैसला खेदजनक र अस्वीकार्य छ। तसर्थ असार २४ गते सर्वोच्च अदालतले निजहरूका सम्बन्धमा गरेको फैसला फिर्ता गर्न र उहाँहरूलाई ससम्मान रिहा गर्न पार्टी जोडदार माग गर्दछ।'

## लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# साम्राज्यवाद सर्वहारा समाजवादी क्रान्तिको पूर्वबेला

## साम्राज्यवाद मक्किएको र मरणासन्न पुँजीवाद हो।



**अनुवाद : भेषराज भुसाल**

जब पुँजीवाद स्वतन्त्र प्रतिस्पर्धाबाट एकाधिकारी चरणतर्फ बढ्दछ तव त्यसका विविध अन्तरविरोध प्रचण्ड भएर खडा हुन्छन्। यी अन्तरविरोध ज्वालामुखीकै तरह साम्राज्यवादको अस्तित्वका निम्ति नै खतरा बन्न जान्छन्। तब साम्राज्यवादको जीवन सीमित हुन जान्छ। साम्राज्यवाद आफ्नो खुँखार मुकुण्डो भएर पनि एउटा कागजी बाघ नै हो। साम्राज्यवाद सर्वहारा समाजवादी क्रान्तिको पूर्वबेला हो।

### साम्राज्यवाद परजीवी वा मक्किरहेको पुँजीवाद हो। उत्पादन र प्रविधिको विकास स्थिर हुँदै जाने प्रवृत्ति हो

जब पुँजीवाद साम्राज्यवादमा पदार्पण गर्दछ तब यसको मक्किने र पतन हुने क्रम सुरु हुन थाल्छ। साम्राज्यवाद परजीवी वा मक्किरहेको पुँजीवाद हो। साम्राज्यवादको सहनशील प्रकृति एकाधिकारी व्यवस्थाबाट उत्पन्न हुने गर्दछ। एकाधिकार नै साम्राज्यवादको सहनशील प्रकृतिको आर्थिक आधार हो।

साम्राज्यवादको सहनशील प्रकृति प्रथमतः एकाधिकारी व्यवस्थाद्वारा उत्पादक शक्तिहरूको विकासमा ठूलो व्यवधानका रूपमा अभिव्यक्त हुने गर्दछ। यसले प्रविधिको प्रगतिको कृत्रिम रूपबाट अवरुद्ध गर्ने गर्दछ तथा उत्पादन र प्रविधिको विकासमा स्थिरताको प्रवृत्ति उत्पन्न गरिदिन्छ।

एकाधिकारभन्दा पहिले पुँजीपतिले आफ्ना प्रतिस्पर्धीहरूको मूल्यमा अत्यधिक मुनाफा कमाउने चक्करमा प्रविधिको प्रगतिलाई अनदेखा गर्न सक्दैनथ्यो। परन्तु एकाधिकारी अवस्थामा आएर एकाधिकारी पुँजीपतिले एकाधिकारका केही क्षेत्रहरूमा आफ्नो एकछत्र नियन्त्रण कायम गर्दछ। त्यसकारण एकाधिकारी मूल्यहरू निर्धारित गरेर धेरैभन्दा धेरै मुनाफा कमाउन सक्दछ। अतः उन्नत प्रविधि अख्तियार गर्ने प्रेरणा केही हदसम्म कमजोर बन्न पुग्दछ। एकाधिकारी व्यवस्थाअन्तर्गत पुँजीपतिलाई त्यस्तो डरले सताउँछ कि उन्नत प्रविधिले उसको एकाधिकारी हैसियतलाई कतै कमजोर नबनाइदेओस्। त्यसकारण उसले प्रायः नयाँ प्रविधिको विकासमा कृत्रिम बाधाहरू खडा गरिरहन्छ।

आखिर एकाधिकारी पुँजीपति उन्नत प्रविधिसँग यतिका किन डराउँछ र किन त्यसमा बाधा खडा गरिरहन्छ ? पहिलो कुरा त के हो भने नयाँ प्रविधि र नयाँ उपकरणहरू प्रयोग गर्नाले निश्चय नै उत्पादनहरूको लागत कम हुन जान्छ र उत्पादनमा वृद्धि हुन जान्छ तब त्यसको परिणाम के हुन्छ भने पुँजीको नोक्सान हुन्छ वा उसका पहिलेका मेसिनहरू र उपकरण पुराना हुन जान्छन् र तिनमा अप्रत्यक्ष मूल्य ह्रास हुन्छ। दोस्रो कुरा, यो हो- नयाँ प्रविधि र नयाँ उपकरण प्रयोग गर्नाले त्यसैप्रकारका अन्य सस्ता मालहरूका साथ प्रतिस्पर्धा पनि बढ्न पुग्छ जसमा उसको एकाधिकारी हैसियतलाई खतरा हुन सक्छ। अतः एकाधिकारी पुँजीपतिले एकाधिकारी मूल्य बनाइराख्नका निम्ति प्रायः उत्पादन घटाइरहन्छ र यसप्रकार धेरैभन्दा धेरै एकाधिकारी मुनाफा कमाउँछ। त्यसकारण उत्पादनको विकासका निम्ति लाभदायक तमाम नयाँ प्रविधिहरू र आविष्कारहरूलाई एकाधिकारी पुँजीपतिले खरिद्ने गर्दछ र तिनलाई एकातिर थन्क्याउने गर्दछ। उदाहरणका निम्ति, कृत्रिम पेट्रोलियमको प्रविधि पेट्रोलियम कम्पनीहरूको एकाधिकारका निम्ति एउटा खतरा हुन्छ। त्यसकारण उनीहरूले पूरै बीस वर्षदेखि थन्क्याएर राखेका छन्। यसै प्रकारले परमाणु ऊर्जाको आविष्कार एउटा महान् वैज्ञानिक उपलब्धि हो परन्तु साम्राज्यवादले त्यसको प्रयोग पूर्ण रूपमा उद्योगको एउटा प्रेरक शक्तिका रूपमा प्रयोग नगरेर युद्धसम्बन्धी परमाणु अस्त्रहरूको निर्माणका निम्ति गर्दछ।

एकाधिकारद्वारा उत्पादन र प्रविधिको विकासमा खडा गरिएका व्यवधानहरूका कारण पुँजीवादद्वारा विस्तारित पुनरुत्पादनको दर ओरालो लाग्न थाल्छ। संयुक्त राज्य अमेरिकाको उदाहरण लिऊँ। १८७१ देखि १९०० सम्मका तीस वर्षको अवधिमा उसको औद्योगिक उत्पादन लगभग ३.९ गुणाले बढ्यो परन्तु १९०१ देखि १९२९ सम्मका तीस वर्षहरूमा त्यो वृद्धि मात्र २.७ गुणा नै रह्यो। १९३० देखि १९५९ सम्मका तीस वर्षहरूको अवधिमा त औद्योगिक उत्पादनमा वृद्धिको औसत (वार्षिक) दर केवल ४.४ प्रतिशत रह्यो। यसप्रकार हामी देख्छौँ- संयुक्त राज्य अमेरिकामा विकासको घट्दो दरले साम्राज्यवादको सहनशील प्रकृतिलाई पूर्ण रूपमा उजागर गरिदिन्छ।

परन्तु साम्राज्यवादी अवस्थामा उत्पादन र प्रविधिको विकासमा रोकावट र सहनशीलताका जुन प्रवृत्ति देखिइरहेका छन् त्यसको अर्थ के होइन भने साम्राज्यवादी देशहरूमा उत्पादन प्रविधिको विकास एकदम ठप्प हुन गएको छ। लेनिनले भन्नुभएको छ, 'हामीले यस्तो सोच्न थाल्यौँ- यो सहनशील प्रवृत्ति पुँजीवादको कुनै पनि तीव्र विकासलाई अवरोध गरिदिन्छ, तब हामी गलत हुन्छौँ। होइन, साम्राज्यवादी चरणमा पनि व्यक्तिगत औद्योगिक क्षेत्र, व्यक्तिगत बुर्जुवा वर्ग वा समूह र अलगअलग देश भिन्नभिन्न मात्राहरूमा कहिले यो प्रवृत्ति त कहिले त्यो प्रवृत्ति प्रकट गरी नै रहन्छन्।'१ त्यसको कारण के हो भने स्वतन्त्र प्रतिस्पर्धा एकाधिकारलाई जन्म त दिने गर्दछ तर एकाधिकार प्रतिस्पर्धालाई कुनै पनि तरिकाले अन्त्य गर्दैन। उसले केवल त्यही गर्दछ- प्रतिस्पर्धालाई कुनै पनि तरिकाले अन्त्य गर्दैन। उसले केवल त्यही गर्दछ- प्रतिस्पर्धालाई अझै धेरै उग्र र अझै धेरै निर्मम बनाइदिन्छ। प्रतिस्पर्धामा विभिन्न एकाधिकारी पुँजी समूह यद्यपि आफ्ना प्रतिस्पर्धीहरूलाई सिध्याउनका निम्ति हिंसा, घूसखोरी, धोकाधडी र जालझेलको सहारा लिन्छन् तथापि यसका साथै विविध ठूला पुँजीवादी देशहरूका बीचमा सापेक्षित आर्थिक शक्तिहरूमा परिवर्तन पनि भइरहन्छन्। उत्पादक शक्तिहरूको कुण्ठित विकासको यस सामान्य प्रवृत्तिअन्तर्गत केही पुँजीवादी देशहरूको हालत खराब हुने गर्दछ भने केहीको राम्रो हुने गर्दछ। यसप्रकार एकाधिकारी अवस्थामा साम्राज्यवादी देशहरूमा उत्पादन र प्रविधिको विकास एक सामान्य रोकावटको प्रवृत्तिको सिकार भइरहन्छन् परन्तु यसको अर्थ यो कुनै पनि हालतमा होइन- कुनै कालखण्ड विशेषमा कुनै व्यक्ति वा क्षेत्रविशेषको उत्पादन प्रविधिको अझ धेरै तीव्र विकासको सम्भावना रहँदैन।

साम्राज्यवादी अवस्थामा कुनै एउटा वा केही देशहरूले उत्पादन प्रविधि अरूले भन्दा धेरै तीव्र विकास पनि गर्न सक्छन्। यद्यपि प्रायः यो अस्थायी वा अपवादका रूपमा नै हुने गर्दछ। जापानको उदाहरण लिऔँ। १९५० देखि १९७१ सम्मको अवधिमा जापानको राष्ट्रिय उत्पादन प्रतिवर्ष सालाखाला १० प्रतिशतभन्दा पनि बढी दरमा बढिरह्यो। परन्तु यो प्रवृत्ति दीर्घकालीन भने हुन सक्दैन। वस्तुतः जापानको उत्पादनको तीव्रतर विकास अमेरिकी साम्राज्यवादद्वारा जापानका एकाधिकारी पुँजीलाई दिइएको ठूलो सहायताको परिणाम थियो। कोरिया र भियतनामका विरुद्ध अमेरिकी साम्राज्यवादद्वारा छेडिएका आक्रामक युद्धहरूले जापानका एकाधिकारी पुँजीपतिहरूलाई 'भाग्यमानीको भुतै कमारो' भनेजस्तै नाफा दिलायो। १९५०-५३ को अवधिमा कोरियाका विरुद्ध आक्रामक युद्ध छेडेर अमेरिकी साम्राज्यवादले आफ्नो सैन्यसम्बन्धी 'विशिष्ट आवश्यकताहरू' का नाममा कम्तीमा पनि दुई अर्ब डलरको भुक्तान जापानलाई गऱ्यो। एवम् रीतले भियतनामका विरुद्ध छेडिएको आक्रामक युद्धको अवधिमा आफ्ना 'विशिष्ट आवश्यकताहरू' अन्तर्गत अमेरिकी साम्राज्यवादले जापानलाई ३०-४० करोड डलरको भुक्तानी गऱ्यो। १९६५ पछि त त्यो प्रतिवर्ष ५०-६० करोड डलरको हिसाबले बढ्दै गयो। त्यसका अतिरिक्त अमेरिकी साम्राज्यवादले जापानको एकाधिकारी पुँजीका निम्ति ठूलो मात्रामा ऋण पनि दियो। जसलाई जापानका ठूला उद्योगहरूमा सीधै लगानी गरियो र अधिकतम प्राविधिक पेटेन्ट पनि जापानलाई निर्यात गरियो। यसका साथै जापानी एकाधिकार पुँजीले जापानका श्रमजीवी जनतालाई निर्मम शोषण पनि गऱ्यो र राजकीय बजेटबाट ठूलो मात्रामा सहुलियत (सब्सिडी) पनि प्राप्त गऱ्यो। यी सबैले पनि जापानको तीव्र औद्योगिक विकासमा योगदान दिए। त्यसले यो देखाउँछ- जुन कारणहरूले जापानको औद्योगिक विकासलाई अगाडि बढाए ती लामो समयसम्म टिकिरहने छैनन्। जापानी अर्थव्यवस्थाको तीव्र विकास केवल अल्पकालीन मात्र नभई असामान्य र ठोस आधारबाट रहित पनि थिए। यसमा पहिलो तीव्रताका साथ घट्दै गयो। दोस्रो विश्वयुद्धपछि जापानमा गहुँको उत्पादन एकाएक घट्यो। बोडीको उत्पादन तीव्र रूपमा घट्यो र चामलको उत्पादन पनि १९६८ देखि तल झर्दै गयो। १९६० देखि १९७० सम्म जापानको खाद्य उत्पादनहरूमा आत्मनिर्भरताको दर ९० प्रतिशतबाट घटेर ७३ प्रतिशत रहन गयो। अर्को कुरा उसले कच्चा पदार्थहरूको ठूलो परिमाणमा आयात गर्नु पर्दछ तथा तयारी माल निर्यात बजारमाथि निर्भर छ। तामा, अल्मुनियम, फलाम, पेट्रोलियम, कोइलाजस्ता कच्चा मालहरूमा दस प्रमुख कच्चा पदार्थहरूको आयात अनुपात जुन १९६० मा ७१ प्रतिशत थियो बढेर १९७० मा ९० प्रतिशत हुन गयो। अर्कोतर्फ जापानी औद्योगिक उत्पादित वस्तुहरूको निर्यातको अनुपात जुन १९५० मा १८.३ प्रतिशत थियो। त्यो बढेर १९६९ मा ३०.१ प्रतिशत हुन गयो जसअन्तर्गत कृत्रिम धागोबाट बुनिएका वस्तुहरूको निर्यात अनुपात ४६.४ प्रतिशत, सिलाइ मेसिनहरूको निर्यात अनुपात ६७.४ प्रतिशत र पानीजहाजहरूको निर्यात अनुपात ६८.९ प्रतिशत थियो। यी तथ्यहरूले बताउँछन्- जापानी आर्थिक विकासको आधार धेरै नै डामाडोल छ। अब वर्तमान दरहरूमा लामो समयका निम्ति यस्तो विकासलाई निरन्तरता दिन असम्भव छ। अन्ततः रोकावटको प्रवृत्ति प्रभावी हुनु अपरिहार्य छ।

***(द साङ्घाइ टेक्स्ट बुक अफ पोलिटिकल इकोनोमी, हिन्दी संस्करणबाट अनुवादित)***



पृष्ठ १ बाट क्रमशः

# नेकपामाथि कथित कम्युनिस्ट सरकारको प्रतिबन्ध

१) माके-एमालेलगायत कथित वाम गठबन्धनको पछाडि पहिलो उनीहरूको आन्तरिक बाध्यता छ र दोस्रो बाह्य साम्राज्यवादी डिजाइन र दबाब छ। यी ढिलोचाँडो पार्टी एकतासम्म पुग्नेछन् र साम्राज्यवादीहरूले चाहेमा कुनै पनि बेला फुटाउन सक्छन् ।

२) कथित निर्वाचनको परिणामअनुसार वाम गठबन्धन दुईतिहाइ बहुमतको नजिक छ । त्यसैले कतिपय सानातिना दलहरूको समर्थनमा दुईतिहाइ बहुमतको सरकार बनाउन सक्छन् । साम्राज्यवादीहरू भित्री मनले नमान्दानमान्दै पनि एकपटक संशोधनवादी र सुधारवादी नै भए पनि दलाली र आत्मसमर्पण गराई वाम गठबन्धन नेतृत्वमा सरकार बनाउन सक्छन् ।

३) यो कथित वाम सरकारलाई प्रथमतः सरकारमा नलानेमा नै उनीहरूको जोडबल हुनेछ तर एकपटक सरकारमा लानैपर्ने स्थितिमा उनीहरूको कदम पहिलो आत्मसमर्पण गराउने र पूरै आफ्नो टाङमुनि छिराउने हुनेछ र आफ्नै निर्देशनमा चलाउन खोज्नेछन् । दोस्रो यसलाई पूर्ण अवधि (पूर्ण पाँच वर्ष) सरकारको नेतृत्वमा टिक्न दिने छैनन् । तेस्रो टिकाउनै पर्ने बाध्यकारी स्थिति बनेमा कम्युनिस्ट नाममा जनताबाट बदनाम गराउने र सफल हुन नदिने नीति नै अख्तियार गर्नेछन् । चौथो जति गर्न खोजे पनि यो कथित वाम सरकार पुँजीपति वर्गको दलाल भएकाले यसको दलाल चरित्रले यिनीहरू अझ भ्रष्ट र सङ्कटग्रस्त भएर जानेछन् ।

४) अहिले जेजस्तो बाध्यकारी परिस्थिति बने पनि तत्काल पहिलो उनीहरू माओवादीको नामसम्म सुन्न नहुने गरी विघटनको बिन्दुसम्मका लागि एकतामा जोड गर्नेछन् र त्यसपछि फेरि टुक्र्याउन र क्रान्तिकारीहरूलाई दमन गर्न सजिलो र नयाँ जोगी पनि भएकाले प्रचण्ड नै उनीहरूका लागि सबभन्दा उपयुक्त र सहज साधन बन्न सक्छ ।

५) संसदीय सिन्डिकेटका लागि बनेको संसद्वादी कम्युनिस्टहरूको कथित वाम गठबन्धन लेनिनले भन्नुभएको नेपाली मार्काका 'सामाजिक दलाल पुँजीवाद' का रूपमा उदाएको छ । यसले नेपालमा तीन राजनीतिक धार खडा गरेको छ- ' दलाल पुँजीवाद, सामाजिक दलाल पुँजीवाद र क्रान्तिकारी राजनीतिक धार ।' दलाल पुँजीवादको नेतृत्व नेपाली काङ्ग्रेसले, सामाजिक दलाल पुँजीवादको एमालेले र क्रान्तिकारी धारको नेतृत्व हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टीले गर्नेछ । अबको दिनमा नेपालमा राजनीतिक दृष्टिकोणले त्रिकोणात्मक राजनीतिक सङ्घर्ष चल्ने छ ।शक्ति सङ्घर्षको हिसाबले भने सत्ताधारी वर्गसँग दुई वर्गबीचको शक्ति सङ्घर्ष मुख्य हुनेछ ।

६) यसमा थप अहिले सरकारी योजनामा सीआईबीका नाममा खुला रूपमा विपक्षी नेता-कार्यकर्ताको हत्या र राज्यआतङ्क बढ्ने छ भन्ने कुरालाई त्यति बेला पेटबोलीमा मात्र राखिएको थियो जुन अहिले प्रधान बनेर आएको छ ।

अहिले दुई वर्षपछि आउँदा हाम्रो त्यो छलफलमा उठेका विषयहरू सही साबित हुन आएका छन् । यति बेला सरकारमा सामाजिक दलाल पुँजीवादीहरू छन् । उनीहरूले बाह्य शक्तिको आडमा देशभक्त, क्रान्तिकारीहरूमाथि दमन अभियान सञ्चालन गरेका छन् । देश बचाउने र जनताको सेवा गर्ने होइन सत्तास्वार्थ र कुर्ची (मस्ती) जोगाउन, साम्राज्यवादी मालिकहरूलाई रिझाउन र खुसी पार्न यो हर्कत गरिरहेका छन् ।

नेपाली काङ्ग्रेस अहिले प्रतिपक्षमा छ । प्रतिपक्षमा भएकाले होला नेपाल कम्युनिस्ट पार्टीमाथि आक्रामक छैन तर कम्युनिस्ट अधिनायकवादका नाममा सैद्धान्तिक रूपले एकैचोटि एक गोलीले दुई चराको सिकार गर्नचाहिँ पछि परेको छैन । यो वैचारिक सङ्घर्ष हो । यसलाई वैचारिक रूपबाटै समाधान गर्नु पर्दछ । तत्काल भने कथित कम्युनिस्टहरूको सरकार सत्ता र दमनमा उत्रिएकाले उनीहरूको फासिवादी दमन र कम्युनिस्टको बदनाम गरिरहेकाले उनीहरूसँगको वैचारिक सङ्घर्षको प्रतिरोध सङ्घर्ष अहिलेको सङ्घर्षको मूल दिशा बन्न गएको छ ।

यति बेला राज्यपक्ष प्रतिबन्धका नाममा हाम्रो पार्टीमाथि दमनमा उत्रेको छ । हाम्रो पार्टी यसको प्रतिरोध सङ्घर्षमा छ । उनीहरूको पहिलो निशाना हाम्रो पार्टीको नेतृत्व, सक्रिय नेता-कार्यकर्तामाथि छ । उनीहरू हाम्रो पार्टीबाट निकै भयभीत छन्, आतङ्कित छन् । त्यसकारण उनीहरूले आतङ्ककारीको बिल्ला भिराउने दुष्प्रयास गरिरहेका छन् । उनीहरूले हाम्रो पार्टी र हाम्रो विचारबाट पराजित भएका छन् । त्यसकारणले उनीहरू विचार र गतिविधिमाथि प्रतिबन्ध लगाउन पुगे । विचार अभिव्यक्त गर्न र त्यसलाई जनता र सङ्गठनमा लैजान नदिँदाको परिणाम नै प्रतिरोध बन्न पुग्छ । यो कुरा प्रचण्ड-केपीहरूले राम्ररी बुझेका छन् । तर आज प्रचण्ड-केपीहरू किन यति धेरै निरङ्कुश बन्दैछन् भन्ने प्रश्नमा जनता अनभिज्ञ छैनन् । क. माओले उहिल्यै यिनको जात औँल्याउँदै 'कम्युनिस्ट बिग्रिए भने कामै नलाग्ने कुहिएको अण्डा वा कुहिएको फर्सी जस्तै हुन्छन्' भन्नुभएको थियो । आज केपी-पीकेहरू यस्तै कुहिएका अण्डा वा फर्सीजस्तै भएका छन् जुन बाहिर हेर्दा दुरुस्तै उस्तै देखिन्छ तर भित्रको जैविक तत्व कुहिएर प्रदूषित बनेको हुन्छ जो कतै काम लाग्दैन । आज सरकारमा र राज्यबाट देखा पर्ने सबै विकृति-विसङ्गतिहरू यही दुर्गन्धका परिणाम हुन् । यी अब सडकमा प्याट्ट फुटेर जान मात्र बाँकी छ, त्यो दिन पनि कुर्न धेरै दिन पर्खनु नपर्ला । यस विषयमा हामीभन्दा पनि नागरिक समाज, स्वतन्त्र बुद्धिजीवीहरू, विषयविज्ञहरू, वकिल, पत्रकार, मानवअधिकारकर्मीहरू खुला रूपमा यसको विरोध गरिरहनुभएको छ । म हाम्रो पार्टीका तर्फबाट सरकारको विरोध गरेको र हाम्रो पक्षमा बोल्नुभएकाले होइन, देश र जनताका पक्षमा, सत्यका पक्षमा र गलतको विरोधमा बोलिरहनुभएको छ । यस अर्थमा धन्यवाद दिन चाहन्छु किनकि जब देश सङ्कटमा फस्छ, राज्यको स्वेच्छाचारिता बढ्छ, जब राष्ट्रियतामाथि आँच आउँछ, जब जनताका अधिकारहरू खोसिन्छन् र समाज र राष्ट्र प्रतिगमनको सिकार बन्न पुग्छ त्यसबेला देशका सचेत बुद्धिजीवी र नगरिक समाज, सचेत युवाहरू, देशभक्त-क्रान्तिकारीहरूको खाँचो पर्दछ । यति बेलासम्म आउँदा हामीलाई समाज, जनता र राष्ट्रका पक्षमा बोल्दा, उभिँदा जेल, नेल, झूट्ठा मुद्दा, हत्या र प्रतिबन्धसम्म लगाउन पुगे । हामी एक्लोएक्लो महसुस गरिरहेका थियौँ । यो देशमा देशभक्त, बुद्धिजीवी, सचेत, न्यायका पक्षमा उभिने नागरिकको खडेरी भएको महसुस भैरहेको थियो । के देशका निम्ति मर्ने र जेलनेल सहने ठेक्का हामीले मात्रै लिएका छौँ भन्ने कहिलेकहीँ सोच्न बाध्य बनाउँथ्यो परिस्थितिले, चारैतिरबाट आक्रमणको घेरामा पर्दा र अरू सबै चुप बस्दा । तर खुसीको कुरा अहिले हामीले एक्लो महसुस गरेका छैनौँ । केही सत्य बोल्दा पत्रकार हरूको खुट्टा हिरासतमा भाँचिन्छ, कुटिन्छ, सत्य र यथार्थ बोल्दा कसैलाई पागलको संज्ञा दिइन्छ भने यो देशमा एकपटक सबै बौलाउनुपर्ने, सत्य बोल्दा गोली हानिन्छ र मुठभेडको नाम दिइन्छ भने अब सबै एकपटक साँच्चैको मुठभेडमा जानुपर्ने स्थिति आइपुगेको छ । एकपटक सबै बौलाऊँ, के फरक पर्छ ? त्यसै मरिन्छ भने एकपटक सबै मर्न तयार होऔँ । जीवनमा एकैपटक मर्ने हो । पटकपटक मरिँदैन । अन्यायलाई न्याय, न्यायलाई अन्याय बनाउने कानुनको के खाँचो ? लेखिएको संविधान मानिँदैन भने संविधानको के खाँचो ? अपराधीहरू खुला रूपमा सरकारी संरक्षणमा छाती पल्टाएर सरकारी गाडीमा हिँड्ने तर अन्यायमा परेका सयौँ निर्मला पन्तका आमाबुबाहरूले सास्ती भोग्नुपर्ने, बौलाउनुपर्ने, देश र जनताका पक्षमा बोल्ने सबैलाई झूट्ठा मुद्दामा जेल पठाउने हो भने सबै एकपटक जेल जाऔँ, जेल तोडौँ । के फरक पर्छ ? जनताका निरपराध, निर्दोष छोराछोरीलाई मात्र थुन्ने जेलको के आवश्यकता ? अब यो दिन आउन सक्छ कुनै दिन ।

हाम्रो पार्टी अन्त्यसम्म यो दलाल राज्यसत्ताको, यी अन्यायपूर्ण दमन, राज्यआतङ्क र यसले पैदा गरेका विकृतिहरूका विरुद्ध लडिरहनेछ, लडिरहन्छ । जबसम्म जनताका पक्षमा राज्यसत्ता स्थापना हुँदैन, यी सबै अन्यायपूर्ण कार्यहरू, राजनीतिक गतिविधिहरू भई नै रहनेछन् । हामी यसको विरोधमा आउने सबै पक्षसँग औपचारिक-अनौपचारिक वार्ता, छलफल, अन्तरक्रिया, कार्यगत एकता, सहकार्य गर्न हरदम तयार छौँ । यो हाम्रो पार्टीनीति पनि हो । राज्यको दमन र अन्यायपूर्ण कदमका बारेमा मिल्ने विषयहरूमा मिल्ने शक्तिहरूसँग तात्कालिक र दीर्घकालिक रूपले कार्यगत मोर्चा वा कार्यगत एकता गरेर जान पनि हाम्रो पार्टी तयार छ । मित्र शक्तिहरूसँग हामी मित्रवत् ढङ्गले देश र जनताका खातिर जे पनि गर्न हामी तयार छौँ तर देश र जनताका विरुद्ध हामी एक औँस पनि शिर झुकाउन तयार छैनौँ चाहे सहिद किन नबनौँ ? हाम्रा ५० हजार पार्टी सदस्य छन् । ५ हजार कार्यकर्ता छन् । केपी वलीले फ्रान्समा गएर त्यहाँ बस्ने नेपालीहरूले सोधेको प्रश्नको जबाफमा के भने रे भने 'विप्लवलाई गोन्जालो बनाइन्छ । विप्लवका ५०० कार्यकर्ता नियन्त्रणमा आएका छन्, १००० पुगे भने सकिन्छन् । यस्तो बोल्ने मान्छे त प्रधानमन्त्री बनेका छन् । विप्लवका एक लाख मारे पनि नेपालमा क्रान्ति रोकिँदैन । यो सम्झिराखे हुन्छ- कसैले दमन, हत्या र गिरफ्तार गरेर सकिन्छन् भन्ठान्छन् भने यो नै हद मनोगत र अबुझ, पटमूर्ख र मानसिक अवस्था असन्तुलित भएकाले गर्ने तर्क पनि नभनौँ चित्कार हो । पागलप्रलाप हो ।

हामीले आफ्नो विचार र दृष्टिकोण प्रस्ट राख्दै आएका छौँ- हामी यो नालायक सरकारको मात्रै होइन, यो सत्ता र यो संविधानकै खारेजीको माग गर्दै आएका छौँ ।

आज हामीले दोस्रोपटक आतङ्ककारीको बिल्ला पाएका छौँ । हिजो पनि साम्राज्यवादी मालिकहरूको योजनामा नेपाली काङ्ग्रेस र एमाले-काङ्ग्रेस कम्पनीबाट र आज एमाले-माके कम्पनीबाट । यसमा धन्यवाद दिनुपर्छ 'नकारात्मक गुरु' हरूलाई । किनकि गुरुको बाजाअनुसार नै चेलो नाच्छ । हिजो माओवादी पनि यसरी नै भएको थियो । यो कम्पनी नयाँ संस्करण भएकाले हुन सक्छ, हिजोको कम्पनीलाई उछिनेको छ । नियम पनि यही हो नयाँ जोगीले बढी खरानी घस्छ । यो उखानको अपवाद यिनीहरू पनि भएनन् । वास्तवमा आतङ्ककारी हामी होइन, उनीहरू नै हुन् । हामीले भनेको त पहिलो वैचारिक हिसाबले यी कम्युनिस्ट होइनन्, सामाजिक दलाल फासिवादी हुन् । यिनबाट विकास र समृद्धिको कल्पनासम्म गर्न सकिँदैन । उनीहरूको समाजवाद भ्रम मात्र हो । त्यसैले यी सामाजिक दलाल फासिवादी हुन् मात्र भनेको हो । दोस्रो, हामीले भनेका छौँ भ्रष्टाचारीले देश र जनता लुटेका छन् । यिनलाई कार्बाहरू गर । तर कारबाही गर्नुको सट्टा महाभ्रष्टाचारी लोकमानसिंह कार्कीलाई अख्तियारको प्रमुख बनाए । त्यसपछि हामीले देशैभर साङ्केतिक रूपमा केही भ्रष्टाचारीहरूलाई कसुर प्रमाणित गरी कारबाहीहरू गर्‍यौँ । अपर कर्णाली, अरुण ३ लगायत राष्ट्रघाती परियोजनाहरूको विरोध गर्‍यौँ । त्यो नसुन्दा साङ्केतिक कारबाहीहरू गर्‍यौँ । अझ नसुने थप कारबाही जरुरी हुन सक्छ किनकि यी नेपालीका सम्पत्ति हुन् र विद्युत्का नाममा विदेशी सेनामा ब्यारेक ल्याउने साम्राज्यवादी योजना दोब्बर घातक छ । हामीले अर्बौंको कर नतिर्ने एनसेलमाथि कारबाही गर्‍यौँ । के बिगार्‍यौँ ? के हामी र हाम्रो पार्टी नभएको भए यहाँ यी भ्रष्टाचारीहरूमाथि हात हाल्ने आँट कसैले गर्थ्यो ? ठीक छ कसैले यो काम गर्नुहुन्छ भने हामी चुप बसौँला । मर्नु, थुनिनु, यातना खानु, घाइते हुनु, घरव्यवहार चौपट पारेर राष्ट्र र जनताका निम्ति खाइनखाई, लाइनलाई हिँड्नु केको कर थियो र ? यो एउटा सचेत मान्छेले र त्यागी मान्छेले मात्र गर्ने कार्य हो । यो काम गर्न जोकोही तयार हुँदैनन् किनकि यो धेरै जोखिमपूर्ण काम हो । सजिलो भएको भए काटिनसकिने यी राजनीतिक दलका नेताहरू कोही न कोहीले गर्थे होलान् । पढेलेखेका भनिएका, विद्वान्, विज्ञहरू भनिएकाहरूले गर्थे होलान्, किन गरेनन् ? अप्ठ्यारो छ । भन्न त डराउँछन्, गर्न त के हिम्मत ? यत्रो ३ करोड नेपालीमा भन्ने आँट गर्ने विप्लव मात्र किन ? दुईचारजना विद्वान्, बुद्धिजीवी, अधिकारकर्मी, वकिल र पत्रकार मात्र किन ? यति बेला चाहिन्छ आँटिला नेता, आँटिला बुद्धिजीवी, पत्रकार, वकिल, अधिकारकर्मी जसले आँटिला काम गर्नुभएको छ उहाँहरूको म प्रशंसा गर्न चाहन्छु र धन्यवाद पनि दिन चाहन्छु किनकि अप्ठ्यारो बेलामा हो बोल्ने । सजिलो बेला त हजारौँ हुन्छन् बोल्ने, हजारौँ हुन्छन् उभिने । खहरेको पानीको महत्व हो, वर्षाको भेलको होइन । यति बेला विप्लवका पक्षमा, राज्यआतङ्क, भ्रष्टाचार, तमाम विकृतिविसङ्गतिका विरुद्ध पक्षमा बोल्ने सीमित मान्छेहरू खडेरीका चिसो र मीठो पानी हुन् । नदीका अटुट पानी हुन् ।

गत फागुन २३ गते कपिलवस्तुका दुर्गा रोकायालाई चौकीको ट्वाइलेटभित्र लगी गोली हानियो । भोजपुरमा तीर्थराज घिमिरे र सर्लाहीमा कुमार पौडेलको समातेर गोली हानी तीनैजनालाई मुठभेडको सङ्ज्ञा दिए, ६० लाख युवालाई विदेश पठाएर तिनीहरूको श्रम र पसिनाबाट आएको रेमिट्यान्समा बाँच्नेहरू, जनताको पसिना र श्रमबाट जम्मा भएको करमा बियर चियर्स गर्दै डिनर खाँदै देश बेच्ने, नदीनाला बेच्ने, निर्मला पन्तजस्ता हजारौँ हाम्रा चेलीछोरीहरूको इज्जत लुटेर हत्या गर्ने, जनताका नाममा विदेशले दिएको ऋण जनताको टाउकोमा थोपदै भ्रष्टाचार गर्ने, के यिनी होइनन् हत्यारा, आतङ्ककारी, विध्वंशकारी ? यसको विरोध गर्ने, राष्ट्र र जनताका पक्षमा बोल्ने, सम्पूर्ण चीज त्यागेर हिँड्नेहरू कसरी आतङ्ककारी हुन्छन् ?

वास्तवमा दस वर्षको जनयुद्धपछि हामी अलि नयाँ ढङ्गले वार्ता र सहमतिमा आएकै हो । १२ बुँदे सहमति हुँदै करिब ८ वर्ष शान्तिप्रक्रियावाट अन्तिमसम्म हरउपायहरू खोजेकै हौँ । त्यसबेला शान्ति भाँड्ने र सहमति लागू नगर्ने, जसरी पनि आत्मसमर्पणमा लैजानेमा जोरजुलुम गर्नेहरू तत्कालीन नेपाली काङ्ग्रेसका नेताहरू र एमालेका नेताहरू नै थिए । विदेशी साम्राज्यवादको डिजाइन त छँदै थियो तर हामीले निकै संयमित र पछि हटेर भनेकै थियौँ- विदेशीहरूको कुरा छोडिदिऊँ । हामी नेपाली राजनीतिज्ञहरू, विषयविज्ञहरू सबै गोलमेचमा बसेर नेपाली मोडेलको नयाँ राज्यको शासकीय स्वरूप, संरचना, विधि-विधान, संविधान, नेतृत्व, राष्ट्रिय सुरक्षा, निर्वाचनप्रणाली, विकासको मोडेल तय गरौँ । महिनौँ दिन लागोस् तर यसरी सबै बसेर नयाँ राष्ट्रिय सहमति खोजौँ ताकि भोलि फेरि अर्को हिंसात्मक खालको सशस्त्र सङ्घर्ष वा युद्ध नभड्कियोस् । तर उनीहरू एक कदम पनि संसद र संसदीय व्यवस्थाको पुनर्स्थापनाबाट पछि हट्न तयार भएनन् । यसको परिणाम माथि भनिएजस्तै हाम्रो अगाडि दुईवटा बाटाहरू तेर्सिए- आत्मसमर्पण कि विद्रोह ? ठीक यति बेला हाम्रो तत्कालीन नेतृत्व प्रचण्डले आत्मसमर्पणको बाटो रोजे । हामीले विद्रोहको बाटो रोज्यौँ ।

दुःखको कुरो, हामीले धेरै पछि मात्र थाहा पायौँ प्रचण्डले यतिबेला गरेको आत्मसमर्पण त नाटक मात्र पो रहेछ । उनले त धेरै पहिले २०६२ को चुनबाङ बैठकअगाडि दोस्रो खारा लडाइँमा हारेपछि लगत्तै दिल्ली गएर बाबुराम भट्टराईसहित गोप्य रूपमा अर्को दिल्ली सहमति गरेर आएका रहेछन् । यो धेरै पछि मात्र खुलासा भयो । त्यसपछि हामीले एकातिर हाम्रै नेतृत्वका विरुद्ध विद्रोह गर्नु पर्ने र दोस्रो साम्राज्यवादी डिजाइनमा लागिपरेका तात्कालिक काङ्ग्रेस, एमालेका दलाल नेताहरूका बलजफ्तीका विरुद्ध सिङ्गो सत्तासँग पनि विद्रोह गर्नुपर्ने दुवै अभिभारा हाम्रो काँधमा आयो । यो अभिभारा पूरा गर्न हामीले कमरेड किरण र बादलहरूलाई पनि निकै सहयोग गर्‍यौँ । अन्ततः यो गह्रौँ, जोखिमपूर्ण र विवेकपूर्ण राष्ट्रिय अभिभारा पूरा गर्न नेताहरू हिच्किचाए । कोहीले त पछि आत्मसमर्पणको दिशा पकडे । यस बेलामा कमरेड विप्लवले देश र जनताको मुक्तिका लागि साहसिक कदम उठाउनुभयो । सायद यो अभिभारा जोकोहीले पूरा गर्न पनि सक्दैनथे । यो महान् कार्य थियो । यहाँसम्म आउँदा प्रचण्डकै भाषामा 'प्रचण्ड यति स्थापित भएको छ कि प्रचण्डलाई २० वर्ष कसैले नछोए हुन्छ । जो प्रचण्डसंग टकराउन आउँछ ऊ ध्वस्त हुन्छ । जसरी आलोक, मातृका, रवीन्द्र, मणि थापाहरू भए ।' (पहिलो खरिपाटी भेलाताका प्रधानमन्त्री हुने बेला स्वयम् मलाई बालुवाटार भेटघाट कक्षमा भनेको) तर प्रचण्डलाई हामीले छाडेपछि जुम्राले मुर्दालाई छाडेजस्तै भयो र २० वर्ष हैन ५ वर्ष नहुँदै एमालेमा विलीन भएर आज एमालेमा कुर्सीका लागि मरिहत्ते गरी अध्यक्ष वा प्रधानमन्त्रीका लागि लडिरहेका छन् । आज उनी बिचरा भन्ने ठाउँमा पुगेका छन् । बाहिर साम्राज्यवादको एक नं. को दलाल बनेर नेपाली क्रान्ति दबाउन अग्रपङ्क्तिमा छन् । हामी र हाम्रो पार्टीमाथिको प्रतिबन्ध यसैको द्योतक हो ।



# केपी वलीसँग हत्याविरुद्धको प्रतिरोध आन्दोलन थेग्ने सामर्थ्य छ ?


सुमनसिंह पौडेल

यतिबेला केपी-पीके गठबन्धनको सरकार र त्यसमा पनि खास वादल नेतृत्वको गृह प्रशासन सबै हिसाबबाट राष्ट्र र नागरिकहरूविरुद्ध जाइलागेको छ। सोही मेसोमा सरकार चौतर्फी बदनाम र अलोकप्रिय बनेको छ र आमजनताको आलोचना, आक्रोश र प्रतिरोधको मुख्य निशाना बन्दै गएको स्पष्ट देखिन्छ। आफूलाई कम्युनिस्ट, त्यसमा पनि जोडबल लगाएरै समाजवादीसरकाररपार्टीभन्नरुचाउनेरसोहीअनुसारको प्रचार गरिरहेको सरकारी नेकपा र त्यसका नेताहरू व्यवहारतः जनताका बीचमा सर्वाङ्गै भएर नाङ्गिएका छन् । उनीहरूको वरिपरि समाजवादी नीति तथा कार्यक्रम होइन बरु दलाली, भ्रष्टाचार, कमिसनखोरी, बलात्कार, लुटखसोट र विभिन्न काण्डहरू झाङ्गिन पुगेको छ। त्यो पनि सामान्य स्तरका छैनन्, बरु यो देशै विघटित गराउन सक्ने, नेपालका सम्पूर्ण प्राकृतिक स्रोतसाधन बिदेशीहरूलाई सुम्पने, आन्तरिक राष्ट्रिय सुरक्षालाई प्रभावित पार्ने क्रियाकलाप वर्तमान केपी-पीकेमण्डलीको मुख्य विशेषता बन्न पुगेको छ।

होलीवाइन काण्ड, इन्डो प्यासिफिक काण्ड, बालुवाटार जग्गा प्रकरण, मेडिकल विधेयक, जनकपुरमा मोदी-केपीको ठुल्दाइ सानुभाइ प्रहसन, वाइडबडी भ्रष्टाचार प्रकरण, सुनतस्करी प्रकरण आदि ठूलाठूला घोटालामा डुबेको सरकार आफूलाई निरन्तर समाजवादी भएको, कम्युनिस्ट भएको र जनतालाई सुख, शान्ति समृद्धि दिने सपना रहेको विषय ढोल पिटेर प्रचार गर्न छाडेको छैन। तर उसको यो प्रचारको आधारभूमिबाट यसका व्यवहारहरू नियालिरहेका नागरिकहरू केपी वली र पुष्पकमल दाहालको जोकर, भद्दा र अशिष्ट फासिवादी शैली र नाङ्गो र घृणित व्यवहारबाट आजित बनेर यो सरकारलाई दलालहरूको कठपुतली राष्ट्रघाती, चोर सरकार र पागल केपी-पीके भन्ने निष्कर्षमा पुगेका छन्।

अझ सरकारका यस्ता घृणित व्यवहारका विरुद्ध आवाज उठाउँदै राष्ट्रमा देखिएको सङ्कटको हल वैज्ञानिक समाजवादी सत्ताले मात्र गर्न सक्ने राजनीतिक दृष्टिकोण राख्दै इमानदारीपूर्वक जनताका बीचमा रहेर जनताका पक्षमा सङ्घर्ष गरिरहेको विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीलाई प्रतिबन्धित गर्नु, उसले उठाएका तमाम माग र मुद्दाहरूविरुद्ध अङ्कुश लगाउनु, यति मात्र नभएर सयौँको सङ्ख्यामा उक्त पार्टीका नेता तथा कार्यकर्ताको गिरफ्तारी गर्नु, झूट्टा मुद्दा लगाएर जेल हाल्नु, कुटपिट गर्नु, सर्च एन्ड एरेस्टका नाममा गाउँगाउँ गएर सर्वसाधारण जनतालाई आतङ्कित पार्नु र उक्त पार्टीका नेता तथा कार्यकर्तालाई गिरफ्तार गरी मुठभेटको कथा रचेर हत्यासम्म गर्नुले यो सरकारको कम्युनिस्ट आवरणभित्रको अन्तर्कथा र सरकार सञ्चलाक केपी-पीके र वादलहरूको इतिहास, वर्तमान, भविष्य र नागरिकप्रतिको उनीहरूको जबाफदेहीका विषयमा गम्भीर प्रश्न खडा भएको छ।

वर्तमान सत्ताको विकल्पका विषयमा थप बलियो बहस, आन्दोलन, प्रतिरोध र भयानक युद्धको चित्र बन्दै गएको तथ्य प्रसस्तै जुटिरहेका छन्। छापा तथा विद्युतीय सञ्चारमाध्यममा आएका समाचारहरू, सामाजिक सञ्जालमा आइरहेका टिप्पणीहरू, जनताका बीचमा गएर गरिएका छलफलहरूमा जनताले दिएका प्रतिक्रियाहरू सबैलाई जोडेर समीक्षा गर्दा वर्तमान सरकार विप्लव नेतृत्वको नेकपाले संश्लेषण गरेजस्तै दलाल पुँजीवादी संसदीय सत्ता, सामाजिक फासिवादी सत्ताको बफादार कारिन्दा दलाल सरकार बन्न पुगेको छ। विद्रोही नेकपामाथिको दमन, हत्याको शृङ्खलाले यो सरकारलाई जनताबाट पूरै अलग्गिने स्थितिमा पुऱ्याएको छ र जनता विद्रोही नेकपाको नीति तथा कार्यक्रममार्फत वर्तमान फासिवादी सत्ताविरुद्ध प्रतिरोध युद्धमा जुट्ने देखिन्छ।

### नेकपामाथि प्रतिबन्धपछि विकसित घटनाक्रम

गत फागुन २८ गते सरकारले विद्रोही नेकपामाथि प्रतिबन्ध लगायो। यो प्रतिबन्ध विदेशी शक्तिकेन्द्रहरू र नेपालका ठूला माफियाहरूको योजनाबमोजिम थियो। आफूलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको प्रधानमन्त्री ठान्ने केपी वली, प्रचण्ड र त्यहाँभित्रका नेता तथा मन्त्रीहरू लोकतान्त्रिक व्यवस्थामा फरक मत राख्ने, अधिकारका निम्ति सङ्घर्ष गर्न पाउने सामान्य अधिकारहरूको समेत उल्लङ्घन गर्दै फरक विषय र माग राखेकै आधारमा नेकपामाथि प्रतिबन्ध लगाउन पछि परेनन् । भ्रष्टाचारको वीरोध, एनसेल कर ठगीविरुद्धको आन्दोलन, ऊर्जा सम्झौता, पानी सम्झौता, र विभिन्न काण्डहरूका विषयमा वीरोध गर्दै सामाजिक सरोकारका विषयमा आन्दोलित भएकै आधारमा विद्रोही नेकपाले प्रतिबन्धको सामना गरिरहनु परेको छ।

प्रतिबन्धपछि सरकारले व्यापक रूपमा धरपकड बढायो । पार्टीका स्थायी समिति सदस्य सुदर्शन, पोलिटब्युरो सदस्य रणवीर, जीवन्त, केन्द्रीय सदस्यहरू प्रज्वलन, आदर्श, असल, बन्धु चन्दलगायत विभिन्न जिल्लाका इन्चार्ज, सेक्रेटरी, जिल्ला सदस्यहरू, विद्यार्थी र समर्थक-सुभचिन्तकसम्म करिब पाँच सयको सङ्ख्यमा गिरफ्तार गऱ्यो। यो शृङ्खला चलिरहेकै छ। विभिन्न बुद्धिजीवी, नागरिक अभियन्ता, कलाकार, पत्रकार, सत्तापक्षकै कतिपय नेताहरूले सरकारको यो कदमप्रति वीरोध जनाउँदै प्रतिबन्ध खारेजीको माग राखिरहेका छन् । सरकार वार्ताको प्रचार गर्दै वार्ताको अन्तर्यमा व्यापक दमनको तयारी गर्दैछ भन्ने विषय सरकारका व्यवहारहरूले स्पष्ट गरिरहेको सबैले बुझिरहेकै थिए।

सरकार फासिवादी बन्दै गएको थियो । पूर्वको भोजपुर टैम्केमयुङमा जेठ ७ गते नेकपाका युवा तीर्थराज घिमिरेलाई पक्राउ गरी निर्घात कुटपिटपछि हत्या गरियो र मुठभेटको कथा रचियो। यो हत्या सरकारको नियोजित चालबाजी थियो। स्रोतका अनुसार भोजपुरमा विप्लवका सेनाको गतिविधि रहेको जानकारी पाएपछि १ नम्बर प्रदेशका मुख्यमन्त्री शेरधन राई, डीआईजी केदार रिजाल, प्रदेशकै अन्य केही मन्त्री, भोजपुरका प्रजिअ भेला भएर ठूलो अपरेसन गर्ने योजना बनाई नरसंहार गर्न प्रहरी परिचालन गरिएको थियो । उक्त रक्सी बैठकमा बिगतदेखि नै विद्रोही नेकपाप्रति दुस्मनी व्यवहार गरिरहेका प्रदेश १ का मुख्यमन्त्री र अन्य केही मन्त्रीले जत्रोसुकै घटना भए पनि पछि हल गरौँला भनेर प्रहरीलाई दमन गर्न पठाएको कुरा खुलेको छ। प्रहरीहरू त्यो हिसाबले तयार भएर गए पनि पीआई गरिरहेका युवा तीर्थराजलाई समाएर माऱ्यो । अर्का एकजना युवक भने त्यहाँबाट उम्कन सफल भए।

उक्त घटनापछि तीर्थराजलाई महासचिव विप्लवले सहिद घोषणा गर्दै चरणबद्ध सङ्घर्षका कार्यक्रमहरू सार्वजनिक गरे । फासिवादी अल्बर्टो फुजिमोरी र ज्योति वसुको नयाँ संस्करण केपी-पीके मण्डलीको दलाल सरकारले विद्रोही नेकपालाई वीरोध सङ्घर्ष गर्न बाध्य बनाएको थियो। सोही क्रममा नेकपाले आयोजना गरेको १३ गतेको नेपाल बन्दको पूर्वसन्ध्यामा बन्द सङ्घर्षलाई प्रभावकारी बनाउने तयारी गरिरहेका होनहार ५ जना युवाको सहादत हुन पुग्यो। बन्दको पूर्वसन्ध्यामा सहादत हुने महान, दीपेन्द्र, निरन्तर, प्रज्वल र रामकुमारको मृत्यु यही फासिवादी सरकारका कारण भएको थियो । यो केपी-वादल सरकारको अर्को हत्या शृङ्खला थियो।

त्यसपछि असार ५ गते दिउँसो अचानक एउटा खबर आयो- सर्लाहीका इन्चार्ज कुमार पौडेलको प्रहरीसँगको भिडन्तमा मृत्यु भएको छ। उनको साथबाट पेस्तोल बरामद भएको छ। अन्य तीनजना भाग्न सफल भएका छन्। सरकारले यस्तो प्रचार गऱ्यो। यद्यपि ५ गतेको समाचारपछि परिवारले ३ दिनपछि मात्र लास बुझ्नुजेल प्राप्त तथ्यलाई आधार मानेर हेर्दा कुमार पौडेलको दोहोरो भिडन्तमा नभएर फेक इन्काउन्टरमा हत्या भएको पाइएको छ । पौडेललाई कुटपिट गरी दुइवटै हात भाँचेको हातको अस्वाभाविक अवस्था प्रस्ट देख्न सकिन्छ। उनको छेउमा फालिएको रिभल्बर उनको नभएर त्यो प्रहरीले नै राखिदिएको स्पष्ट हुन्छ किनकि उनको शव घिसारेर त्यहाँ पुऱ्याइएको जमिनको अवस्था हेरेपछि प्रस्ट देखिन्छ। शव घिसार्दा पेस्तोल कसरी घिस्रियो ? भिडन्त गर्दागर्दै मारिएका हुन् भने लास किन घिसार्नुपर्थ्यो ? उनको टाउकोमा गोली नजिकैबाट हानिएको बुझ्न सकिन्छ । घटनास्थलको अवस्था, शवको स्थिति र त्यसअघिपछिका क्रिया-प्रतिक्रियाका आधारमा जोकोहीले सहजै अनुमान लगाउन सक्छ- पौडेलको हत्या भिडन्त होइन, यो नियोजित बनावटी 'इन्काउन्टर' हो भनेर। यस हत्याको उचित छानबिन गरी तथ्यहरूका आधारमा सत्य सार्वजनिक हुने कुरामा आम नागरिक आशावादी छन्।

यसरी राज्य दमन तीव्र बन्दै गएको छ। निहत्था नागरिकहरूको पञ्चायती शैलीमा हत्या गर्न थालिएको छ। झूट्टा मुद्दाहरू लगाउन थालिएको छ। सर्च एन्ड एरेस्टका नाममा एरेस्ट एन्ड किलको नीति सरकारले लिएको देखिन्छ। पक्कै पनि सरकारको यो कदमले द्वन्द्वको सङ्केत गरेको छ। सरकारी दमनको सम्भावित प्रतिरोधले निम्त्याउने आगामी अवस्थाका विषयमा सबै गम्भीर बन्नुपर्ने देखिन्छ।

### के हुनसक्छ त अब ?

देशमा विद्यमान जनताका समस्या र सङ्कटहरू राजनीतिक समस्याहरू हुन्। यसको सम्बन्ध प्रत्यक्ष राजनीतिसँग हुन्छ । जनताले माग्ने अधिकार हरूको गुदी कुरा नै तिनै आधारभूत आवश्यकताका विषयहरूकै सेरोफेरोमा छन्। ती हुन्- गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारी र सुरक्षा । यी विषयहरूको सुनिश्चितताका लागि जनताले राज्यसत्तासँग माग राखे । ती माग जनताले २००७, २०२८, ०३५-०३६, ०४६, ०५२, ०६२-०६३ र त्यसपछि पनि उत्कर्षमा प्रकट गरेका थिए। राज्यले ती मागहरू सम्बोधन गर्नु त कता हो कता उल्टो दमन, हत्याको नीति लियो । हजारौं नागरिकहरूको कत्लेआम गऱ्यो । जनताले व्यवस्था ढाल्दै यहाँसम्म आइपुगे तर नाममा फरक भनिए पनि सारतः जनतामाथिको लूट र शोषण रोकिएन बरु झन बढ्यो । जनताले रूपमा सत्तालाइ जितेपनि सारमा त्यही पुरानो सत्ताको चरित्र नयाँ संस्करणमा नयाँ पात्रहरूको साथ हालसम्म शासनसत्तामा छ।

जनताका आधारभूत विषयहरू जोडिएका जनताका प्रस्तावहरू राजनीतिक विषयहरू हुन् । ती ज्यूँका त्यूँ छन्। त्यसैले आजको मितिमा पनि जनताले आफ्ना मागहरू राख्न पाउनु, बोल्न पाउनु र विद्रोह गर्न पाउनु जनताको अधिकारको विषय हो । राणाहरूको शासनसत्तामा जनताले उठाएका सामान्य मागहरूबाट आत्तिएर त्यतिबेला होनहार युवाहरूको हत्या गरियो। पञ्चायतले कयौँको हत्या गऱ्यो, धनकुटा खोकुछिन्ताङ हत्याकाण्ड, झापाका होनहार युवाहरूको हत्या, भोजपुरमा युवाहरूको हत्या, भीमदत्त पन्तको हत्या, जनयुद्धमा दसौँ हजार युवाहरूको हत्या। यसरी सत्ता सञ्चालकहरू जनताको हत्या गर्दै आइरहेका छन्। यिनै बलिदानका कथाहरूमा नायकको भूमिका निर्वाह गर्ने पात्रहरू प्रकारान्तरमा खलनायकमा रूपान्तरित हुँदै फेरि त्यही हत्याशृङ्खलालाई आफैँले निरन्तरता दिइरहेका छन्। कुमार पौडेलको हत्या त्यसकै निरन्तरता हो। यो हत्यासम्म आइपुग्दा कयौँ सवालहरू पैदा भएका छन्।

वर्तमान दलाल पुँजीवादी संसदीय सत्ता नै विद्यमान सबै सङ्कटको मुख्य कारक तत्व हो । यसको समाधान वैज्ञानिक समाजवादी सत्ताले मात्र गर्न सक्छ । वैज्ञानिक समाजवादी सत्ताको विकल्प दिएर आफ्ना कार्यक्रमहरू अगाडि बढाएको नेकपा आफ्ना योजनाहरूबाट पछाडि हट्नेछैन किनकि यो प्रस्ताव समाज विकासको नियममा अनिवार्य सर्त हो र यो पुरानो सत्तालाई निषेध गर्दै कुनै पनि हालतमा स्थापित भएरै छाड्नेछ। वर्गप्रधान समाजको अनिवार्य सङ्घर्षको नियममा मुख्य सुचालकको स्थान बनाएको एकीकृत जनक्रान्तिको कार्यदिशा, पार्टी र त्यसका सुव्यवस्थित शाखा-प्रशाखाहरूको विघटन, विसर्जन, हस्तान्तरण, सम्झौताजस्ता प्रभावबाट एकीकृत जनक्रान्ति र नेतृत्व मुक्त रहनेछ । यो आन्दोलनको प्रक्रिया विश्वको पुँजीवादी सङ्कटको स्थानमा वैज्ञानिक समाजवादको विश्वशिवीरलाई स्थापित गर्ने र विश्वलाई साम्यवादसम्म पुऱ्याउने साम्यवादी झन्डा फहराएर अगाडि बढ्नेछ।

बरु घटनाक्रमले के कुरा उद्घाटित गरेको छ भने दमनविरुद्ध सशक्त, सशस्त्र प्रतिरोध, राष्ट्रघाती र जनघातीहरूमाथि निर्मम भौतिक कारबाही, त्यसले पैदा गर्ने व्यापक सामाजिक जागरण, विशाल संयुक्त मोर्चा, विशाल जनसागरसहितको प्रदर्शन, जनमुक्ति सेनाहरूको सचेत फौजी पहलकदमी, देशभक्त, राष्ट्रवादी र राष्ट्रघाती शक्तिहरूबीच हरेक निकायमा ध्रुवीकरण हुँदै राष्ट्रिय मुक्ति आन्दोलनको आधार तयार गर्दै सामाजिक फासिवादी सत्ताविरुद्ध अन्तिम र निर्णायक हमला हुनेछ । यस्तो परिवेश निर्माण भएर जाने विषय समाजको विश्लेषण गर्ने जोकोहीले अनुमान लगाउन सक्छ। तर यसको बीचमा दमन र प्रतिरोध सङ्घर्षको भीषण शृङ्खला भने रहनेछ । यसमा देशभक्त तथा क्रान्तिकारी शक्तिले सचेततापूर्वक पहलकदमी लिन जरुरी छ । आन्दोलनको यो नियमभित्र स्वाभाविक रूपमा बलिदानको विषय आउँछ र दुनियाँलाई नयाँ ठाउँमा लैजान बलिदान गौरवको विषय बन्नेछ।

वर्गसङ्घर्षको इतिहास बलिदानहरूको इतिहास पनि हो । यद्यपि यो विषय राम्रोसँग बुझेका सत्ताधारीहरू क्रान्तिकारी शक्तिमाथि दमन र हत्याको दुष्चक्र चलाइरहेका छन् । तर उनीहरूलाई सामान्य हेक्का हुनुपर्ने हो- दमनविरुद्ध सोझिने प्रतिरोध आन्दोलनको आगो आफूतिर आउँछ र त्यसले आफैँलाई खरानी बनाउनेछ। कुमार पौडेलको हत्याको विषयमा समाचारमा आएकै जस्तो मेयरले सुराकी गरेको तथ्य फेलापऱ्यो भने मेयर भरत थापाको अवस्था के होला ? निर्घात कुटपिट गरेर हत्या गर्न त्यहाँ कुनकुन जँड्याहा र हत्यारा पुलिस पुगेका थिए भन्ने कुरा थाहा लागिहाल्छ। ती प्रहरीको नाम बदनाम गराउने मतियार भिजिलान्तेहरू अब कहाँ कुन देशमा गएर सुरक्षित हुन्छन् ? यो त छँदैछ । समग्र दलाल पुँजीवादी संसदीय सत्ता नै आफ्नो सङ्कट ढाकछोप गर्न नसकेर मरणासन्न अवस्थामा पुगेको यो अवस्थामा एकीकृत जनक्रान्ति हाबी हुने कुरामा कुनै दुईमत छैन । यस अवस्थामा पार्टी, आन्दोलन, नेता, कार्यकर्ता र जनतामाथि दमन र हत्या गर्ने जोकोहीको अवस्था के होला ? यो शब्दहरूले दिएको चुनौती र चेतावनी होइन, यो परिस्थिति र परिवेशले दिइरहेको चेतावनी हो । सर्वप्रथम यी प्रश्नहरूको जबाफलाई मनन गर्न आवश्यक छ र त्यही बुद्धिमतापूर्ण हुन जान्छ भन्ने सुझाव छ। अन्यथा रोम साम्राज्य ढाल्न सक्ने स्पार्टाकसहरूको शौर्य र बलिदानी, पेरिस कम्युनमा कम्युनार्डहरूले प्रदर्शन गरेको वीरता, रुसमा मजदुर हरूले जारको सत्ता पल्टाएको इतिहास, महान् चिनियाँ जनताको सङ्घर्षको कथा, भियतनाम, भेनेजुएला, क्युबा र भारतमा भैरहेको माओवादी आन्दोलन, नेपालको जनसङ्घर्षको शृङ्खलाको इतिहास र विश्वमा भएका कयौँ सङ्घर्षहरूमा जनताको विजयका इतिहासहरूको समीक्षा गर्दा जनतालाई दमन र हत्या गरेर दबाउने विषय कहिल्यै सम्भव नहुने, बरु यो अझ सशक्त भएर अगाडि बढ्ने र अझ प्रज्वलित हुने विषय प्रयोगसिद्ध, प्रमाणित तथ्य हो । त्यसैले कुमार पौडेलको हत्या र अरू हज्जारौँ कुमारहरूको हुनसक्ने सम्भावित हत्याले ज्वाला झन्झन् दन्काउनेछ। भष्म हुनेछन् षड्यन्त्रकारीहरू।

## राज्यको प्रतिबन्ध र क्रान्तिको यात्रा

टाइगर

दलाल पुँजीवादी व्यवस्थाका मतियारहरूले नेपाल कम्युनिस्ट पार्टीमा आस्थावान् जोकोहीलाई पनि विभिन्न आरोप लगाएर मुद्दा चलाउने काम गरिरहेको छ। सङ्गठित अपराध कसुरअन्तर्गत मुद्दा चलाउने काम तीव्रताका साथ भइरहेको छ। त्यसैगरी झूट्टा मुठभेड खडा गरी हत्या गर्ने काम पनि तीव्र पारिएको छ। प्रहरीलाई यसबारे सोध्दा माथिको आदेश भनिरहेका छन्। यतिबेलाको अवस्था हेर्दा लाग्छ- यो राणाकालीन शासन व्यवस्था हो। जहाँ न बोल्न पाइन्छ न तथा विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अनुभूति गर्न पाइन्छ। विश्वको उत्कृष्ठ व्यवस्था भनेर दुहाइ दिन नथाक्नेहरू आज फरक र प्रगतिशिल चेतसहितको विचार राख्नेहरुमाथि निर्मम ढङ्गले जाइलागिरहेका छन्। एकीकृत जनक्रान्तिको कार्यदिशा अवलम्बन गरेको पार्टी र त्यसका कार्यकर्तामाथि प्रतिबन्ध त्यसको ज्वलन्त उदाहरण हो।

२०५१ सालतिर झन्डैझन्डै यस्तै अवस्था सिर्जना भए पनि यो स्तरको तानाशाही तत्कालीन सरकार थिएन भन्ने हुन थालिसकेको छ। प्रमुख जिल्ला अधिकारीका रूपमा तत्कालीन सत्ताले रोल्पालीहरूको विचार र सपनाको हत्या गर्न अव्दुलरहिस खाँलाई पठाएको थियो । त्यो बेलाको सत्ताको सबभन्दा बढी विश्वासपात्र अव्दुलले सकेसम्म दमन गऱ्यो । तत्कालीन संयुक्त जनमोर्चामा आस्था राख्ने व्यक्तिहरूलाई रगतमा हात चोब्न लगाएर पार्टी छोड्न दबाब दिने गर्दथ्यो । राज्यको श्वेतआतङ्क सहन नसकेर कैयौं मानिसहरू रगतमा हात चोबेर काङ्ग्रेसमा प्रवेश गरेका थिए। आज परिस्थिति फेरि दोहोरिएको छ। इतिहास उस्तै गरी दोहोरिँदैन भनिन्छ। इतिहास दोहोरिएको त हैन, फरक ढङ्गले आएको छ फेरि। अहिले क्रान्तिकारीहरूको प्रवाहलाई रोक्न र जनताको समर्थनवाट कटाउन राज्य कम्मर कसेर लागेको छ। विद्रोही नेकपाप्रति आस्थावान् नेता-कार्यकर्तालाई गिरफ्तार गरी झूट्टा मुद्दामा फसाउने र कमजोर वैचारिक धरातल भएकाहरूलाई आत्मसमर्पण गराउने कामले तीव्रता पाएको छ। यही कामका लागि हरेक जिल्लामा पूर्वमाओवादी केन्द्रले एकएकजना आफ्ना कार्यकर्तालाई जिम्मासमेत दिएको छ। रोल्पामा समेत एकजना पत्रकारको आवरणमा राजनीति गर्ने व्यक्तिलाई उक्त जिम्मेवारी दिइएको भनिन्छ। पार्टीको जिल्ला समितिको जिम्मेवारीमा रहेका आफूलाई पत्रकार भन्ने व्यक्तिले आत्मसमर्पणका लागि प्रेसविज्ञप्ति तयार गर्दछन् र कमजोर वैचारिक धरातल भएका केही साथीहरूलाई ल्याप्चे सहीछाप गराउँदै आत्मसमर्पणको नाटक गर्दछन्। विगतमा रगतमा हात चोब्ने र अहिले प्रेसविज्ञप्ति निकालेर आत्मसमर्पणको नाटक गर्नेमा के फरक छ रु दलालहरूले बुझ्नुपर्छ हिजो पनि माओवादी सकिए भनेर डङ्का नपिटिएको हो र ? तर क्रान्तिकारीहरू कहिल्यै सकिएनन्, बरु दुबोझैं फैलिँदै गए। आज पनि तिम्रो आत्मसमर्पणको नाटकले क्रान्तिकारीहरू झन् स्पातिला बन्दै गएका छन्।

अहिले प्रचण्ड, बादल, वर्षमानहरू निकै अराजक ढङ्गले क्रान्तिकारीको गला रेट्न उद्यत देखिएका छन्। जनताले नचाहेको युद्ध थोपर्दै हतियारको व्यापार गर्न खोजिरहेका छन्। १७ हजार मान्छेको रगतको आहालमा बसेर ऐसको जीवन बिताइरहेका दलालहरूलाई हामी चेतावनी दिन चाहन्छौं- हामी युद्ध होइन, क्रान्ति चाहन्छौं। १७ हजार नेपालीको रगत पिएका युद्धपिपासुहरू फेरि अर्को युद्धको तयारीमा लागेको हामीलाई थाहा छ तर हामी सचेततापूर्वक भनिरहेका छौं- हामी क्रान्ति चाहन्छौं। परिवर्तन चाहन्छौं। समानता र सामाजिक न्याय चाहन्छौं।

## विद्यार्थीको मृत्युपछि क्रान्तिकारीद्वारा छानबिन र कारबाहीको माग

**महेन्द्रनगर** : नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) ले विद्यालयमा शिक्षकको कुटाइबाट विद्यार्थीको मृत्यु भएको घटनामा छानबिन गरी दोषीमाथि कारबाही गर्न माग गरेको छ।

क्रान्तिकारीका कञ्चनपुर अध्यक्ष नरेन्द्र भाटले बुधबार विज्ञप्ति निकाली भीमदत्त नगरपालिका १७ मा रहेको महाकाली बाल विद्यालय मझगाउँमा शिक्षकहरूको कुटपिटबाट घाइते भएका कक्षा ९ मा अध्ययनरत विद्यार्थी माधव कलौनीको उपचारका क्रममा भारतको राजमूर्ति अस्पतालमा मृत्यु भएको घटनाको सत्यतथ्य छानबिन गरी दोषीउपर हदैसम्मको कारबाहीको माग गरेका छन्।

कलौनीको परिवारले विद्यालयबाहिर साथीभाइसँग झैझगडा गरेको विषयलाई आधार बनाएर विद्यालयका प्रधानाध्यापकसहितका शिक्षकले उनलाई कुटपिट गरेको बताउँदै आएका छन् । कलौनीलाई गत शुक्रबार विद्यालयमै शिक्षकहरुले कुटपिट गरेको उनका बुबा बृहस्पति कलौनीले बताए। 'प्रधानाध्यापक यशोदा जोशी, शिक्षकद्वय लक्ष्मणदत्त भट्ट र दुर्गादत्त पाठकले छोरालाई कुटपिट गरेर घाइते बनाए। कुटपिटबाट कलौनीको टाउको र छातीमा चोट लागेको थियो भने दायाँ खुट्टा भाँचिएको थियो', उनले भने।

विज्ञप्तिमा अध्यक्ष नरेन्द्र भाटले भनेका छन्, 'कञ्चनपुर जिल्लाको भीमदत्त नगरपालिका १७ मा रहेको महाकाली बाल विद्यालय मझगाउँमा शिक्षकहरूको कुटपिटबाट घाइते भएका कक्षा ९ मा अध्ययनरत विद्यार्थी माधव कलौनीको उपचारका क्रममा भारतको राजमूर्ति अस्पतालमा राति मुत्यु भएको खबरले दुःखी बनाएको छ । मृतकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । एकातिर विद्यालय क्षेत्रलाई शान्ति क्षेत्रका रूपमा घोषणा गर्ने, अर्कोतर्फ विद्यार्थीहरूमाथि कुटपिट हुने घृणित कार्य तत्काल बन्द गरियोस् । पछिल्लो चरणमा निजी शैक्षिक संस्थाहरूले रटन्ते, घोकन्ते र विभिन्न बहानामा विद्यार्थीलाई कुटपिट गर्ने, यातना दिने कुराप्रति हाम्रो सङ्गठनको गम्भीर ध्यानाकर्षण भएको छ।'

विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'महाकाली बाल विद्यालयमा भएको घटनाको सत्यतथ्य छानबिन गरी दोषीउपर हदैसम्मको कारबाही तथा पीडित परिवारलाई विद्यालयले उचित क्षतिपूर्तिको व्यवस्था गरोस् भनी सङ्गठन जोडदार माग गर्दछ । सरकारले उक्त घटनालाई कुनै पनि बहानामा अपराधीलाई संरक्षण गर्न खोजेमा हामी काण्डकारी सरकारका विरुद्ध सशक्त आन्दोलनमा जाने चेतावनी यसै विज्ञप्तिमार्फत दिन्छौं । उक्त आन्दोलनबाट निस्किने क्षतिको जिम्मा काण्डकारी सरकारले लिनु पर्नेछ।'

# प्रहरीद्वारा सिलवाललाई अपहरण गरी बेपत्ता

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी मेची-कोसी ब्युरो इन्चार्ज अनुले सुनसरीको इटहरीबाट यात्रारत अवस्थामा रहेका मेची-कोसी ब्युरो सदस्य डीबी सिलवाललाई असार २६ गते केपी-पीके गृह प्रशासनले गुण्डागर्दी शैलीमा अपहरण गरी बेपत्ता बनाएकोप्रति निन्दा एवम् भर्त्सना गर्दै तुरुन्त सार्वजनिक गरी रिहा गर्न माग गरेकी छिन् ।

ब्युरो इन्चार्ज अनुले शुक्रबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'केपी-पीके नेतृत्वको सामाजिक फासिवादी दलाल सरकारका प्रहरीले सुनसरीको इटहरीबाट यात्रारत अवस्थामा रहेका हाम्रो पार्टीका मेची-कोसी ब्युरो सदस्य कमरेड डीबी सिलवाललाई गुण्डागर्दी शैलीमा अपहरण गरी बेपत्ता बनाएको घटनाप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।'

विज्ञप्तिमा अनुले भनेकी छिन्, 'जनताको जीउधनको सुरक्षा त कता हो कता, निहत्था नागरिकहरूको हत्यामा उत्रिँदै आफूलाई समाजवादी कम्युनिस्ट सरकार भएको दाबी गरिरहेको केपी-पीकेमण्डली र उसका हनुमानहरूको रबैया नेपाली समाजमा बढ्दै गएको छ । यही स्थितिमा राष्ट्र र जनतामाथि लादिएका सबैखाले अत्याचारको विरोध गर्ने न्यायप्रेमी जनतामाथि वर्तमान दलाल सरकार सामान्य विवेकसमेत नराखी दमन थोपरिरहेको छ । फासिवादीहरूको यही दमनको शृङ्खलास्वरूप हाम्रो पार्टीका ब्युरो सदस्य कमरेड डीबीको अपहरणको कडा शब्दमा निन्दा एवम् भर्त्सना गर्दै तुरुन्त सार्वजनिक गरी रिहा गर्न माग गर्दछौँ ।'

विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'पूर्व क्षेत्रमा दमन तीव्र पारेर पूर्वका जनतामाझ रहेको विद्रोही चेत, क्रान्तिकारी उर्वरता, सचेत पहल लिन सक्ने सामर्थ्यलाई निमोठ्न खोजिरहेको फासिवादी दलालहरूको हर्कतविरुद्ध पूर्वका देशभक्त, क्रान्तिकारी जनता विद्रोहमा उठ्न तयार छन् । हामी संमयपूर्वक भन्न चाहन्छौँ- सबैखाले दमन र हत्या रोकी हाम्रा गिरफ्तार साथीहरूलाई बिनासर्त रिहा गरियोस् । अन्यथा कडा ढङ्गले जनप्रतिरोध गरिनेछ र त्यसको जिम्मेवार केपी-पीके प्रशासन हुनेछ ।'

# कृत्रिम अभाव उत्पन्न गर्ने माफियाहरूमाथि जनकारबाही

■ रातो खबर संवाददाता/दाङ

नेपाल कम्युनिस्ट पार्टी दाङले कृषकहरूलाई आवश्यक पर्ने रासायनिक मल र बिउ सहज रूपमा उपलब्ध गराउनुको सट्टा कृत्रिम अभाव उत्पन्न गर्ने माफियाहरूलाई जनकारबाही गर्ने चेतावनी दिएको छ । साथै कृषकहरूलाई सहज तरिकाले मल र बिउ उपलब्ध गराउन सम्बन्धित सरोकारवाला पक्षसँग आग्रह गरेको छ ।

नेपाल कम्युनिस्ट पार्टी दाङको बैठकले रासायनिक मल सहज रूपमा उपलब्ध गराउनुको साटो कालोबजारियाहरूलाई संरक्षण गर्ने सरकारी नीति र मलको अभाव उत्पन्न गरी चर्को मूल्यमा कृषकहरूलाई मल किन्न बाध्य पार्ने कालाबजारियाहरूलाई कारबाही गर्ने चेतावनी दिएको हो । नेकपाले शनिबार विज्ञप्ति सार्वजनिक गर्दै यस्तो हर्कत बन्द गर्न र भारतबाट आउने विषादी परीक्षण नगरिएको तरकारी तत्काल बन्द गरी नेपाली कृषकले उत्पादन गरेको तरकारीलाई प्रोत्साहन दिई थप व्यावसायिक बनाउन आग्रह गरेको छ । नेकपा दाङले बाढीपहिरोको उच्च जोखिम रहेको स्थानका जनतालाई सक्दो सहयोग गर्न आम पार्टीपङ्क्ति र सबै जनवर्गीय सङ्गठनलाई परिचालन गरेको छ ।

# पौडेलको सम्झनामा साउदीमा श्रद्धाञ्जलीसभा



**साउदी** : नेपाल कम्युनिस्ट पार्टी निकट नेपाली जनप्रगतिशील मोर्चा साउदीले प्रहरीले गोली हानी हत्या गरेका सहिद कुमार पौडेलको सम्झनामा श्रद्धाञ्जलीसभा सम्पन्न गरेको छ ।

असार ५ गते दलाल सामाजिक फासिवादी सरकारले पार्टी कामको सिलसिलामा हिँडिरहेको बेला सर्लाहीको लखन्ती खोलामा गिरफ्तार गरी नेकपाका सर्लाही जिल्ला इन्चार्ज कुमार पौडेलको हत्या गरेको थियो ।

उक्त हत्याकाण्डको घोर भर्त्सना गर्दै नेपाली जनप्रगतिशील मोर्चा साउदीको क्षेत्रीय समितिले पौडेलको सम्झनामा श्रद्धाञ्जली तथा शोकसभा सम्पन्न गरेको छ । नेपाली जनप्रगतिशील मोर्चा साउदीका केन्द्रीय सचिव विपीन निरौलासहितको विशेष उपस्तिथिमा सम्पन्न श्रद्धाञ्जलीसभामा केन्द्रीय समिति सदस्य तोया भट्ट, केन्द्रीय समिति दमाम क्षेत्रका इन्चार्ज राम थापालगायतको उपस्थिति थियो ।

सभाका वक्ताहरूले कुमार पौडेलको हत्या अन्यायपूर्ण तरिकाले गरिएको भन्दै यसको बदला राज्यलाई महँगो पर्ने बताएका थिए । उनीहरूले दलाल राज्यसत्ताका कारण प्रवासमा तातो ५५ डिग्रीको घाममा जीवन गुजारा गर्न बाध्य भएको बताउँदै सबैखाले समस्याको समाधान वैज्ञानिक समाजवादी व्यवस्थामा हुने बताए ।

# क्रान्तिकारीका नवलपरासी अध्यक्ष भण्डारी गिरफ्तार

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) का नवलपरासी अध्यक्ष शारदा भण्डारीलाई प्रहरीले गिरफ्तार गरेको छ । बुधबार साढे ५ बजे उनलाई जिल्लाको सरावलको बासाबसही चोकबाट गिरफ्तार गरेर जिल्ला प्रहरी परासीमा राखिएको प्रहरीले जनाएको छ । कपिलवस्तु घर भई राजनीतिक कार्यक्षेत्र नवलपरासीलाई बनाउँदै आएकी उनी पछिल्लो समय विद्यार्थी राजनीतिमा सक्रिय छिन् ।

# सरकारी दमनविरुद्ध अखिल क्रान्तिकारी सङ्घर्षमा

■ रातो खबर संवाददाता/काठमाडौँ

नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) कैलालीले सरकारी दमन र नेता-कार्यकर्ता गिरफ्तारीको विरोधस्वरूप सङ्घर्षका कार्यक्रम घोषणा गरेको छ । प्रहरीले उक्त सङ्गठनका कैलाली जिल्ला अध्यक्ष बबरजङ्ग सिंहलाई पक्राउ गरेपछि क्रान्तिकारीले सङ्घर्षका कार्यक्रम सार्वजनिक गरेको हो ।

जिल्ला उपाध्यक्ष पदम काफ्लेले शनिबार विज्ञप्ति जारी गर्दै आस्थाकै आधारमा आफ्नो सङ्गठनका अध्यक्ष बबरजङ्ग सिंहलाई फासिवादी केपी-पीके सरकारको गृह प्रशासनले गुण्डागर्दी शैलीमा पटकपटक गिरफ्तार गरेको बताए । साथै उपाध्यक्ष काफ्लेले आफ्ना जिल्ला अध्यक्ष सिंहको गिरफ्तारीविरुद्ध असार ३१ गते कैलाली जिल्लामा शैक्षिक हडतालसहित चरणबद्ध सङ्घर्षको कार्यक्रम घोषणा गरेका छन् ।

काफ्लेको विज्ञप्तिमा शैक्षिक क्षेत्रका विकृति, विसङ्गति र शैक्षिक माफियाका विरुद्ध आवाज उठाउँदा राजनीतिक आस्थाकै आधारमा स्वास्थ्यउपचार गर्न स्वास्थ्य संस्थामा गएको व्यक्तिलाई गैरन्यायिक तरिकाले गिरफ्तार गरिएको बताएका छन् । साथै विज्ञप्तिमा बिनासर्त बिनासर्त रिहाको जोडदार माग गरेका छन् ।

# अखिल (क्रान्तिकारी) द्वारा कैलालीमा शैक्षिक हडताल

कैलाली : नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) का कैलाली जिल्ला अध्यक्ष बबरजङ्गबहादुर सिंहलाई केपी-पीके सरकारको हैकमवादी गृह प्रशासनले गुण्डागर्दी शैलीमा पटकपटक गिरफ्तार गरेपछि आक्रोशित हुँदै मङ्गलबार कैलाली जिल्लामा शैक्षिक हडताल गरेको छ ।

अखिल (क्रान्तिकारी) का कैलाली जिल्ला उपाध्यक्ष पदम काफ्लेले शनिबार विज्ञप्ति निकाली अध्यक्ष बबरजङ्गबहादुर सिंहलाई केपी-पीके सरकारको गृह प्रशासनले गुन्डागर्दी शैलीमा गिरफ्तार गरेकोप्रति घोर आपत्ति व्यक्त गर्दै चरणबद्ध सङ्घर्ष घोषणा गरेका थिए ।

# सहिद नीरकुमार राईको श्रद्धाञ्जलीसभा सम्पन्न




■ रातो खबर संवाददाता/दाङ

असार २९ गते देशभर सगरमाथा ब्युरो सदस्य तथा ओखलढुङ्गाका सेक्रेटरी नीरकुमार राई 'प्रशान्त' को सम्झनामा श्रद्धाञ्जलीसभा गर्ने नेकपाको पूर्वघोषित कार्यक्रमअनुसार श्रद्धाञ्जलीसभा दाङको ९ नम्बर, ८ नम्बर र ३ नम्बर एरिया गरी जिल्लाका तीन ठाउँमा सम्पन्न भएको छ ।

नेपाल कम्युनिस्ट पार्टी दाङ ९ नम्बर एरियाको आयोजनामा भएको श्रद्धाञ्जलीसभामा नेकपाका जिल्ला सदस्यहरू रुद्र वली र विजय मल्लले बोलेका थिए । यस्तै ८ नम्बर एरियाको आयोजनामा भएको कार्यक्रममा पार्टीका जिल्ला सदस्य पोषण, सहिद परिवार समाजका केन्द्रीय सदस्य धर्तीले र ३ नम्बर एरियामा एरिया इन्चार्ज भीमप्रकाश, सेक्रेटरी निर्मलगायतले बोलेको बताइएको छ ।

कार्यक्रममा एकीकृत जनक्रान्तिका क्रममा उच्च सहादत प्राप्त गर्ने सगरमाथा ब्युरो सदस्य तथा ओखलढुङ्गाका सेक्रेटरी नीरकुमार राई 'प्रशान्त' प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गरिएको थियो ।

नेपाल कम्युनिस्ट पार्टीका युवा तीर्थ घिमिरे 'राजु' लाई केपी-बादलको गृह प्रशासनले गिरफ्तार गरी हत्या गरेको थियो । नेकपाले आइतबार देशैभर राजुको हत्यामा संलग्न मुख्य घुमुवा प्रहरी सञ्जीव राईसँगको प्रतिरोध सङ्घर्षमा सहादत प्राप्त गरेका सगरमाथा ब्युरो सदस्य तथा ओखलढुङ्गा सेक्रेटरी नीरकुमार राई 'प्रशान्त' को श्रद्धाञ्जलीसभा आयोजना गरऐको छ ।

# बाढीपहिरो पीडितको उद्धारमा जुट्न महासचिव विप्लवको निर्देशन




**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले देशैभर भएको अविरल बर्षा, बाढी, पहिरो र डुबानका कारण देशमा ठूलो जनधनको क्षति भएको र प्राकृतिक प्रकोपमा परी ज्यान गुमाएका सबै नागरिकहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै सम्पूर्ण पार्टीपङ्क्तिलाई राहत र उद्धारमा जुट्न निर्देशन गरेका छन् ।

महासचिव विप्लवले शनिबार विज्ञप्ति जारी गरी भनेका छन्, 'बिहीबारदेखि देशभर भएको अविरल वर्षा, बाढी, पहिरो र डुबानका कारण देशमा ठूलो जनधनको क्षति भएको छ । प्रकृतिमाथिको अराजक, अनियन्त्रित दोहन, राज्यको पूर्वतयारीको अभाव, भारतसँग भएका असमान सन्धिसम्झौता, नेपाल-भारत सिमानामा बनेका बाँध, तटबन्ध, अन्तर्राष्ट्रिय कानुनविपरीत नेपाल-भारत सिमानासँग टाँसिएर बनाइएका विशाल सडकहरू, गरिब श्रमिक जनताको जोखिमपूर्ण बसाइ गर्नुपर्ने बाध्यताका कारण प्राकृतिक प्रकोपमा परी गरिब जनताले ठूलो जनधनको क्षति बेहोर्न परेको छ ।'

महासचिव विप्लवको विज्ञप्तिमा भनिएको छ, 'हाम्रो पार्टी प्राकृतिक प्रकोपमा परी ज्यान गुमाउनुभएका सबै नागरिकप्रति श्रद्धाञ्जली अर्पण गर्दछ र पीडित परिवारजनप्रति सहानुभूति व्यक्त गर्दछ । मृतकका परिवारलाई अल्पकालीन, दीर्घकालीन, क्षतिको उचित राहत उपलब्ध गराउन र घरबास गुमेकालाई बास र रोजगारीको व्यवस्था गर्न सम्बन्धित निकायसँग माग गर्दछ । साथै सम्पूर्ण पार्टी पङ्क्तिलाई राहत र उद्धारमा जुट्न निर्देशन गर्दछ ।'

# 'नो ट्याक्स : नो एनसेल' अभियान




**सल्यान** : सल्यानमा अखिल (क्रान्तिकारी) को अगुवाइमा 'नो ट्याक्स : नो एनसेल' अभियान सञ्चालन गरिने भएको छ ।

एनसेलले जनताबाट अर्बौं करम उठाएको तर राज्यलाई तिर्नुपर्ने कर नतिरेकाले यो अभियान सञ्चालन गर्न लागिएको बताइएको छ । उक्त सङ्गठनले 'देशका लागि हाम्रो अभियान, नो ट्याक्स : नो एनसेल' लेखिएको टिसर्टसमेत सार्वजनिक गरेको छ ।

त्यस्तै सङ्गठनले शैक्षिक दलालीकरणका विरुद्ध पनि सङ्घर्ष गर्ने बताइएको छ । 'नो ट्याक्स : नो एनसेल' अभियानलाई जिल्लाभर सञ्चालन गर्न सङ्गठनका सबै पदाधिकारी लाग्ने अखिल (क्रान्तिकारी) ले जनाएको छ ।

यसअघि पनि यो अभियान देशभर गरिएको थियो । विश्वचर्चित जीवन प्रशिक्षक नरबहादुर कार्की, नायिका रेखा थापालगायत व्यक्तित्व तथा सङ्घसङ्गठनले 'नो ट्याक्स : नो एनसेल' अभियान चलाएका थिए ।

ठूला करदाता कार्यालयका अनुसार एनसेलले राज्यलाई ६० अर्ब ७१ करोड २४ लाख ९६ हजार ९७ रुपैयाँ कर तिर्नुपर्ने छ । तर एनसेलले भने चुनावका बेलामा थुप्रै नेताहरूलाई पैसा दिएको भन्दै राज्यलाई कर तिर्न मानेको छैन ।

# अखिल (क्रान्तिकारी) द्वारा 'कम्युनिस्ट विद्यार्थी अभियान -२' सञ्चालन

■ रातो खबर संवाददाता/बुटवल

नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) ले लुम्बिनी ब्युरोअन्तर्गत रूपन्देही जिल्लामा प्रतिबन्धित अवस्थामा पनि आफ्नो सङ्गठन विस्तार कार्यलाई तीव्रतापूर्वक अगाडि बढाइरहेको छ । यसैबीच अखिल (क्रान्तिकारी) रूपन्देहीले 'कम्युनिस्ट बिद्यार्थी अभियान -२' संयुक्त रूपमा सञ्चालन गरिएको जनाएको छ ।

कालिका मानवज्ञान मावि बुटवलमा सोमबार अखिल (क्रान्तिकारी) लुम्बिनी संयोजक वीरेन्द्र विक र अखिल (क्रान्तिकारी) रूपन्देही जिल्ला अध्यक्ष रमेश गैरेले संयुक्त रूपमा अभियान उद्घाटन गरेका थिए । अभियानकै क्रममा एकलको अध्यक्षतामा १९ सदस्यीय एकाइ समिति गठन गरिएको छ ।

पछिल्लो राजनीतिक अवस्था, एकीकृत जनक्रान्ति र शैक्षिक आन्दोलन, वैज्ञानिक समाजवादी शिक्षाप्रणाली, नेकपामाथिको राजनीतिक प्रतिबन्ध, शिक्षा क्षेत्रमा देखिएका बेथितिहरू, अनियमितता, माफियातन्त्र, दलालीकरणलगायत विविध विषयमा विद्यार्थीसँग छलफल गरिएको छ । 'कम्युनिस्ट बिद्यार्थी अभियान -२' असारदेखि असोजसम्म जिल्लाभर चलाइरहने जानकारी अभियान टोलीले दिएको छ ।

यसैगरी, अर्घाखाँची नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) ले अर्घाखाँची जिल्लामा प्रतिबन्धित अवस्थामा पनि आफ्नो सङ्गठन विस्तारकार्यलाई तीव्रतापूर्वक अगाडि बढाइरहेको छ ।

यसैबीच अखिल (क्रान्तिकारी) अर्घाखाँचीले 'कम्युनिस्ट विद्यार्थी अभियान -२' जिल्लाको शीतगङ्गा नगरपालिका वडा नं. ४ को दुम्केबासमा उद्घाटन गरेको छ ।

उद्घाटनसत्रलाई सम्बोधन गर्दै अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) का जिल्ला अध्यक्ष विष्णु राउतले नेपालमा हुनेखानेका लागि शिक्षा भए पनि गरिब-दुःखी जनताका लागि नहुने प्रस्ट पार्दै आफूहरू वैज्ञानिक शिक्षाका पक्षमा रहेको बताएका थिए ।

# जनताको घरदैलोबाट महासचिव विप्लवलाई चिठी

कमरेड महासचिव

लालसलाम !

हामी यतिखेर जनमैदानमा छौँ । महान् विचार र वैज्ञानिक राजनीतिक कार्यदिशाले रोगी हुन दिएकै छैन । हामीलाई विश्वास छ, तपाईं नयाँनयाँ खोजमा तल्लीन हुनुहुन्छ । वैचारिक रूपमा सुस्पष्ट र कर्तव्यनिष्ठ अनि वैज्ञानिक समाजवादी नेपालको सुन्दर खाकासहित गहन जिम्मेवारीबोधले चमचमाइरहनुभएको छ भन्ने कुरामा दुईमत छैन । हामी सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान २ अन्तर्गत तमोर क्षेत्रमा अहोरात्र क्रियाशील छौँ । हाम्रो समूहमा अखिल नेपाल जनसांस्कृतिक महासङ्घको केन्द्रीय टोली सामना परिवार र विभिन्न जिल्ला, क्षेत्रवाट खटिएका होनहार कमरेडहरू उत्साहजनक ढङ्गले क्रियाशील हुनुहुन्छ । हाम्रो टोली केही ज्वलन्त तथ्यहरूसँग एकाकार भएर सत्यको अन्वेषण गरिरहेको छ । ती तथ्यहरू केही रोचक, केही सोचक, केही घोचक भएकाले यो खुलापत्रमार्फत प्रेषित गर्दैछु ।

तथ्य नं. १ : हाम्रो अभियानले २०३६ सालको खोकु-छिन्ताङको किसान तथा महिला विद्रोहको कडीलाई जोडेको छ । त्यस बेलाका लडाकु योद्धाहरू र यातनापीडित महिलाहरूसँग भेटको अवसर मिल्यो । गर्भवती अवस्थामा निर्घात यातना खेप्नु परे पनि सकुशल जन्माएका राता नानी म त ज्युँदो सहिद भन्दै सगर्व आज क्रान्तिमा सामेल भएका छन् । त्यहाँ उदेकलाग्दो कथा के भेटियो भने खोकु-छिन्ताङमा भोकमरीले हैरान पारेपछि चिउरी उसिनेर धेरै छाक टार्न विवश राई बन्धुहरूलाई तत्कालीन मालेको निर्देशनमा चिहान उधिन्ने अभियान चलाइएछ । असी-नब्बेवटा चिहान उधिनेर भेटिएका सुनका गहना र चाँदीका बाला बेचेर धरानबाट चामल खरिद गरी बाँचेर पन्चे सामन्तहरूसँग लडेका रहेछन् । ताकालीन सूर्यबहादुर थापा प्रशासनले चिहान उधिन्ने अज्ञात समूहको खोजी गर्ने उर्दी जारी गरेछ गाउँका टाठाबाठा पन्चे-मण्डलेहरूलाई । तर उल्टै पन्चेहरू कतिसम्म लोभी हुँदा रहेछन् भने त्यो तरिका आफैँ पो सिकेर कमाइ गर्न थालेछन् । कालीकोटे महिलाहरूभैँ छोटे सामन्तहरूसँग लडेका छिन्ताङे महिलाहरूको कथा सुन्दा गौरवले छाती ढक्क फुल्न पुग्यो । ती लडाकु महिलाहरू वृद्ध हुँदासमेत लरतरो कुरा गर्न अझै पनि रुचाउँदैनन् । जुझारु बहस नै मन पर्छ उनीहरूलाई । मदन भण्डारीहरूलाई कोदोको बासी ढिँडो खुवाएर भूमिगत कालमा आड दिएका रहेछन् टेकबहादुर राईहरूले । तर ती राई बन्धुहरूको सपना र जुझारु प्रवृत्तिमाथि अराजकताको बिल्ला भिराई निषेधको प्रपञ्च रचिएछ । अराजक गतिविधिका कारण दमन भएको, 'दक्षिणपन्थी पुष्पलाल समूह' ले माले पस्यो भनी हल्ला फिँजाएका कारण दमनकारी हत्याको घटना भएको संश्लेषण गरी खोकु-छिन्ताङको वर्गसङ्घर्ष तहसनहस भएको व्यथाको घाउ अझै चहऱ्याइरहेको भेटियो । एकीकृत जनक्रान्तिको चर्चा गर्दा गहभरि आँसु झारेर दृढ इच्छाशक्तिका साथ सङ्गठित भए ती जोदाहाहरू । हामीले बलिदानको गौरवगाथाले लछप्पै भएको अपेरा प्रस्तुत गर्दा सारा दर्शकका आँखा रसाए । यो त थबाङको पूर्वी-नेपाली सन्तान पो हो भन्ने अनुभूति भयो हामीलाई । मलाई यतिखेर फोन आइरहेका छन्- तपाईंहरू हामीलाई छोडी जाँदा मन खिन्न भयो भनेर । हामी तपाईंहरूकै मान्छे हौँ । नभुल्नु है, केरा पाकेका छन्, खाना आउनोस्, कहीँ दुःख पाइरहनुभएको छ कि ? कतै दलाल राज्यसत्ताको झम्टाइमा पो पर्नु भो कि ? कति प्रगाढ स्नेहको कर्णप्रिय स्वर कानमा गुञ्जायमान हुन पुग्छ क्रान्तिप्रेमीजनहरूको । यही त हो हाम्रो कमाइ । उत्प्रेरणा अनि उत्साहजनक ऊर्जा ।

तथ्य नं. २) हामी अझै जनभावनाको गहिराइतिर पौडिरह्यौँ अनि भेट्टायौँ, राई खलक धेरै श्रेणीमा विभक्त हुन बाध्य बनाइएको विवशता । उत्पादन सम्बन्ध हेर्दा सुक्खाग्रस्त क्षेत्र घोषित । हाय ! हातमुख जोड्नै गाह्रो । मजदुरी गरेर बाँच्न विवशहरुको सङ्ख्या बढिरहेको छ । त्यहाँ पानी चुहाएर खेर फाल्नु भनेको शरीरको रगत चुहाएजस्तै छ । मनलागी पानी पिउन पनि पीर लाग्छ । उनीहरूको छाक नै बन्द हुन्छ कि भनेर ।


तथ्य नं. ३) यसै क्रममा अर्को उदेकलाग्दो पेसा सुन्न पाइयो । एकजना अठार वर्षीय युवक हाम्रो नजिक आइपुगे । हाम्राबारे सोधपुछ गरे । हामीले आवश्यक कुरा गऱ्यौँ । उनको कम्मरमा खुकुरी थियो । टर्च पनि चानचुने थिएन । लामोठूलो । अर्को कुनै कालोकालो लामो छाताको खोलजस्तो वस्त्र माला लगाएझैँ । मेरो मनमा कुतूहल जाग्यो र सोधेँ- कति कक्षामा पढ्छौ भनेर । नौ कक्षा पढेर छोडेको भने उनले । किन छोडेको त भनी तुरुन्तै मैले प्रश्न गरेँ । बाबाआमालाई पाल्नुपर्ने भएकाले भन्ने जबाफ आयो । वृद्ध बाबाआमा पनि साथमै आउनुभएको रहेछ । ऊः उहाँहरू नै हो भनेर चिनाए । अनि के पेसा गरेर बाबाआमा पाल्छौ त भन्दा त्यस्तैत्यस्तै जबाफ आयो । । रातको करिब नौ बजिसकेको थियो । यति राती किन झोलीतुम्बा बोकेको त भनी फेरि सोधेँ । म त अहिले जङ्गल पस्ने हो भने ती हँसिला भाइले । । मलाई झनै आश्चर्य लाग्यो । किन ? फेरि सोधेँ । चमेरा समात्न भने उनले । किन समात्ने भनेर मैले सोधिहालेँ । त्यसै खेल्नलाई भनेर अलि लजाएको आभास दिए उनले । यति भनेर उनी हामीवाट बिदा भए ।

स्फूर्तिवाला ती कलिला राई युवकका बारेमा जानिफकारसँग सोधपुछ गर्दा उनको कथा बुझ्न पाइयो । वास्तविक रूपमा खेतीपातीविहीन ती युवकले रातबिरात चमेरा समातेर बिक्री गरी आमाबाबालाई पाल्दा पो रहेछन् ! बच्चा जन्मँदा अनिवार्य रहेछ परेवा वा चमेरा महाभारतको राई संस्कारमा । उनको पढ्ने इच्छा अब के पूरा होला त शेरधन राईको मैमत्त राजमा ? अहँ ।

तथ्य नं. ४) हामी अभियात्रीका पाइला अझैँ अगाडि बढे । भेटिइन् करिब ३०-३५ वर्षकी अपाङ्गता भएकी महिला । बैसाखीको भरमा भिराइलो घरको डिलमा उभिएर हामीलाई हँसिलो मुद्रामा स्वागत गरिन् ती दलित महिलाले । जो आए पनि आफ्ना कथाव्यथा सुनाएर चित्त बुझाउनु उनको दैनिकी नै बनिसकेको रहेछ । यसै क्रममा हामीले पनि चासोका साथ सोध्यौँ उक्त अवस्था आइलाग्नाको कारणबारे । कारण यस्तो रहेछ- गोठालो जाँदा खुट्टामा ठक्कर लाग्यो । नजिक अस्पताल छैन । टाढा जाने पैसा छैन । गाउँघरकै ओखती गरिन् । जसले जेजे भने त्यसै गरिन् । सन्चो भएन । बरु उल्टै हिँड्नै गारो भयो । ऋणको जोहो गरेर धरान अस्पतालमा जाँदा क्यान्सरको सम्भावना छ, चितवन जानोस् भने डाक्टरले । पुगिन् त्यहाँ । भयो उपचार । फेरि बल्झियो । पटकपटक उपचार भयो तर पनि सञ्चो भएन । अन्त्यमा घुँडादेखि नै खुट्टा काटियो । उनका श्रीमान् जनयुद्धकालका माओवादी रहेछन् । प्रचण्डमण्डली एमालेको टाङमुनि छिरिसक्यो । एमालेहरू माओवादी बिल्कुल मन पराउँदैनन् । उनीहरू उपयोग गर्ने वा माओवादी अस्तित्व नै नामेट पार्न चाहन्छन् । यो अवस्थाबाट हिजोका माओवादी तर्सेका पनि छन् । तर पनि पहुँचवाला र द्रव्यपिसाच नामधारी माओवादीलाई उनीहरूको रक्षा गर्ने फुर्सद छैन । तसर्थ ती बबुरा माओवादीले दुःख नपाई कसले पाउला त ? तर त्यसको उपाय हामीसँग छ र हुनुपर्छ । हामी कृत्रिम खुट्टाको व्यवस्था गर्न सकौँला भन्न हिचकिचाएनौँ । गहभरि आँसु टिलपिल पारी हात जोड्दै उनले भनिन्- केही उपाय लाग्छ भने खुट्टा हालिदिएमा बालबच्चा पाल्न सजिलो हुन्थ्यो । उनको अन्तरमनको आशामा भरोसा दिलाई एकीकृत जनक्रान्तिको विचारमा सपरिवारलाई सहमत र सङ्गठित गराई हाम्रो यात्रा अघि झन् अघि बढिरह्यो ।

तथ्य नं. ५) अर्को गाउँमा पुग्दा ६ दिने आन्दोलनमा घाइते भएका पाका माओवादी भेटिए । सुनाए सबै कथाव्यथा । हाल उनी सुगर अनि रक्तचापका रोगी छन् । उनका सबै आवश्यकता पूरा गरिदिने कसम खाई सभासद् जितेका महोदयको नाकमुख देखिँदैन । उनीहरू सरापिरहेका छन् प्रचण्डमण्डलीलाई । ती आक्रोशित अनि बेचैनजनहरूले हामीलाई भने सत्कारयुक्त व्यवहार गरे । हामीले एकीकृत जनक्रान्तिको विचार पस्कियौँ । गरे विप्लवले गर्छन् । हामीलाई उनको विश्वास छ किनभने प्रचण्डलगायत अरू सब बडेमानका नेताहरू दलाल संसदीय व्यवस्थामा सोत्तर बनिसके तर विप्लवमा लोभ, लालसा र डर देखिएन । आँटी र विवेकशील मान्छेकै खाँचो छ यो देशमा । विदेशीहरूका सामु झुक्नु हुँदैन । स्वार्थी र षड्यन्त्रकारी सम्झौता गर्नु हुँदैन । कति राम्रो सुझाव । यसरी चित्तप्रसन्न भएर क्रान्तिमा टुटेको आफ्नो कडी सगर्व जोडेर नवीकरण गरे नेपाल कम्युनिस्ट पार्टीमा । गाउँ नै सङ्गठित भयो । हामीप्रति गुनासो थियो ढिला गर्नु भो भन्ने । कुरा ठिकै हो । ढिला गर्नु भनेको संसद्वादी रोग नै हो । संसद्वाद भनेको भोलिवाद पनि त हो ।

तथ्य नं. ६) हामीमध्ये राजमार्गले जोतिरहेको स्थानतिर पुग्दा त अर्को अत्याचार देख्न करै लाग्यो । स्काइभेटरले पहाड खोतलेर बाटोमुनिका गाउँबस्तीको उठीबास लगाइरहेको छ । किन त्यसो



आधार

गऱ्यो भन्दा ठेकेदारले चट्टानको व्यवस्थापन गरी बाटोमुनिका खेतबारी, घरहरू जोगाउन सक्थ्यो तर उसको कमाइमा धक्का लाग्छ । गाउँलेको उठीबासमा ठेकेदारको लुट मौलाउँदा तमोर तीरका गाउँबस्ती आक्रोशित भएका छन् । क्षतिपूर्तिको कुनै व्यवस्था गरिदिएका छैनन् गाउँ, वडाप्रमुखहरूले । भुलभुलैयामा भोट असुल्नेहरूले जनताको रक्षा गर्नुपर्थ्यो । तर सङ्कटग्रस्त सामाजिक दलाल सरकार र दलाल संसदीय व्यवस्थाको प्रतिनिधिले जनताको हितमा काम गर्नुलाई जात फ्याल्नु गहतको झोलमा भनेझैँ ठान्न पुगेको अवस्था देख्दा थुइक्क भन्न मन लाग्यो ।

तथ्य नं. ७) जहाँ पुग्यो त्यो समस्याले नसताएको कुनै गाउँ नै छैन । त्यो आम समस्या हो खानेपानीको । एक नं. प्रदेशमा करिब २० अर्ब बजेट छ । अर्को साल अझै थपिएला नै । तर के धनकुटाको साँघुरीगढीमा तमोरको पानी लिफ्ट प्रणालीद्वारा आपूर्ति गर्न सक्छन् त मुख्यमन्त्री र अर्थमन्त्रीज्यूले ? कम्तीमा राईले राईको व्यथा बुझ्नु अन्यथा हुनेछैन । तर पानीजहाजका बेलुनदार गफको उडान भर्नेहरूको सपनाको खेतीमा २६९ मिटर अग्लो कोसी ब्यारेज भारतद्वारा तयार भइछाड्यो भने आसपासको बस्ती नै डुबानमा पर्ने सन्त्रासको सास्ती खेपिरहेका छन् उपेक्षित तमोरतीरबासी जनसमुदाय । मस्तिष्कमा यही कुराको तरङ्ग पैदा गर्दै हाम्रो यात्रा तेह्रथुमतिर हुइँक्कियो । धरान झरेर नाना तमोर तरेर आयौँ हामी धनकुटाको व्यथा बोकेर । यही गीत गुनगुनाउँदै तेह्रथुमको छथर पुगियो ।

तथ्य नं. ८) तेह्रथुमको छथरदेखि तमोरतीर पुग्दा त हौ झनै सारोगारो । कहालीलाग्दो मरुभूमि बिर्साउने सुक्खाग्रस्त क्षेत्र देखियो । तीन वर्षदेखि कुनै याममा पनि पानी परेकै छैन रे । त्यहाँका लिम्बू नानाहरूसँग नानाथरी भलाकुसारी गरियो । भक्कानिँदै उनीहरूले एउटै कुरा कहिरहे । जुन गाउँ, जुन बस्ती पुगे पनि उस्तै कथा उही व्यथा । पानीको मूल भेटाउनु भनेको आकाशको तारा झारेसरह हुनेछ । तिर्खाले काकाकुल हुँदा पिसाब खाएका दिन सम्झन्छन् लिम्बू नानाहरू । अन्नको अभावले मकैका घोगा थिचेर पकाई खाएका दिनको कथा आफ्नो माइतीलाई हालसम्म नसुनाएको कुरा सुन्दा कस्तो भयो होला यो मन ! हामीले आँखैले देख्यौँ- गाईगोरुहरू तिर्खाले छट्पटाएर तमोर पुग्छन् । केही दिन उतै बास बसी मनग्गे पानी खाएर आउँछन् । ती गाईगोरुले पिसाब फेर्ने एउटै ठाउँ तयार पारिएको हुन्छ । त्यही पिसाबलाई पानीका रूपमा मदिराका लागि प्रयोग गरिन्छ । हरियाली कतै छैन । बलौटे माटो उराठलाग्दो ती हिमाङ्दिङ, फाक्चामारा, परेवाथोक, सिन्जिवा, बतासे, हाकपारा र पञ्चकन्याका पखेरीहरू । अचल सम्पत्ति चटक्कै छोडी झरे लिम्बू समुदायहरू मोरङ, विराटनगर र धरानतिर । त्यहाँ झरेर मजदुरी र अधियाँ खेतीको भरोसामा गुजारा चलाउन करै लाग्यो । उनीहरू भन्छन्, शेरधनहरूलाई भोट, हाम्लाई चोट । यस्तै हो यो देशको हालत । एमालेले एकछत्र जितेको छथरमा जनजीवन नियाल्यो भने कहालीलाग्दो छ । उता गाउँपालिका भकाभक डोजरले जोत्दै ट्याङ्करमा पानी ल्याइदिने ललीपप देखाउँदै तमोरतीर बाटो पुऱ्याइरहेको छ । तर लिम्बू दाजुभाइ के बुझ्छन् भने यिनीहरुले तमोरको गिट्टीबालुवा देखेका छन् । क्रसर उद्योग चलाउँछन् । बालुवा बिक्री गरी खान्छन् । कुरो ठिकै हो हौ नानाहरूको ।

तथ्य नं. ९) पूर्वको एमाले बढी बाठो छ । चास्नी मिसाएका गोलीको खेती गर्न खप्पिस छ । तर ऊ वैचारिक रूपमा भने दरिद्र छ । ऊ मार्क्सवादका कुरा गर्दैन जनतामाझ । बरु मासुभातका कुरा गरी लट्ट्याउँछ । राणाशासन र पन्चेशासनमा विदेशी रकमी शैली मिसाएर सामाजिक दलाल पुँजीवादको खेती गरिरहेको छ । राजनीतिक मञ्चबाट सत्य कुरा बोल्न र राजनीतिक नारा लेख्न प्रतिबन्ध छ कथित नामधारी कम्युनिस्ट राजमा । काङ्ग्रेस बबुरो पीडामा छ । पञ्चायती भूतप्रेतहरू जता बलियो उतै ढलियो भनेझैँ एमालेमा लपेटिएको अनि कमाउधन्दा जता उतै चपटिएको पाइयो । केही लत्रेका माकेहरू डाहाग्रस्त छन् । सबैलाई सत्तोसराप गर्छन् । उज्यालो कतै देख्दैनन् । डिप्रेसनग्रस्त र जँड्याहा जिन्दगीलाई जनताले रुचाएका छैनन् ।

तथ्य नं. १०) घुस्याहा पुलिस (एमाले हनुमान) हरूको बिगबिगी छ । प्रमुखहरूबाट पनि घुस खान खप्पिस ती पुलिसहरूको एउटा तरिका सुन्दा तीनछक परियो । एमाले गाउँप्रमुखले चिठी लेखी आफ्नो पार्टीअनुकूल काम गरिदिन अनुरोध गर्दा रहेछन् । माथिको आदेश चाहिन्छ भनी खप्पिस पुलिसले दलाली गरी ज्युनार गरेपछि जनता तर्साउने, वडा अध्यक्षहरूलाई धम्क्याउने धन्दा गर्दा रहेछन् । विप्लव माओवादीवाट तिमीहरुलाई खतरा छ । हामीलाई यसो हेरचाह गर्नुपऱ्यो । हामी सुरक्षा दिन्छौँ भन्दारहेछन् । घुस खाने क्या राम्रो तरिका ! क्या बात् एमालेको सर्वसत्तावादी तुजुप ? अभियानदेखि अत्तालिएर तेह्रथुममा एमाले र प्रशासनको मिलोमतोमा बाउन्नसाले काङ्ग्रेसी रबैया दोहोऱ्याइयो । जस्तो वडा अध्यक्षलाई खतरा छ । एनसेल हान्छन् । खसीबाख्रा खाइदिन्छन् । घरघरबाट जबरजस्ती मान्छे हिँडाउँछन् । चोर पसे जङ्गल भाग, सरसामान लुट्छन् जोगाऊ, सबै जनताले पुलिसलाई खबर गर आदि । एमालेले आफ्नो पार्टीपङ्क्तिमा अर्को फर्मान जारी गर्छ, कसका घर बसे ? कतिजना छन् ? तुरुन्त खबर गर, सेना-पुलिस आउँछ । लडाइँ हुन्छ । फेरि उस्तै दिन दोहोरिन्छ । जनताले दुःख पाउँछजस्ता फत्तुर बोल्दै श्वेतआतङ्क फैलाएर जनता तर्साउने एमालेले हामीलाई भने सुटुक्क खबर पठायो- हाम्रो धेरै भण्डाफोर नगरिदिनोस् भनेर । यसको दोहोरो चाल क्या कमाल पुँजीवादको छाया, इन्द्रेणीराज । सीडीओलाई कुरा गर्दा ठूलो दबाब छ महायातनामा छु । सबैलाई समात्नु भन्ने छ । कुरो बुझ्नोस् भन्ने खबर आउँछ । हैन । जनजीविका, राष्ट्रियता र जनतन्त्रको प्रश्नमा जनतामा छलफल र जनताका समस्या, सुझाव सङ्कलन गर्दा जेलनेल भोग्नुपर्ने ? यो कस्तो लोकतन्त्र ? विभिन्न बहानामा दलालहरूको अगुवाइमा जनताको चुलोचौकोसम्म विदेशीहरू पुगेर अस्मितामाथि खेलबाड गर्ने, धर्मनिरपेक्षताका नाममा क्रिस्चियनमार्फत साम्राज्यवाद हुल्ने र गरिब निमुखा जनसमुदायको हुर्मत लुट्ने नियति कम्ती डरलाग्दो छ र ?

तथ्य नं. ११) आज नेपाली जनतालाई क्रान्तिबाट विमुख पार्न विभिन्न नामका धर्मको खेती गरिएको पाइयो । युवकयुवतीहरू बेरोजगारी महामारीको ताईमा तड्पिरहेका छन् । दलालको प्रलोभनमा परी ताईरूपी नियतिबाट उछिट्टिएर विदेशी भुङ्ग्रोमा छट्पटाउन बाध्य भएका छन् । यस्तो कहालीलाग्दो अवस्थाले नेपालको स्वाधीनतामाथि गम्भीर प्रश्नचिह्न खडा गरिदिएको छ । यसरी दलालमार्फत विदेशतर्फ कल्कलाउँदा मानव पैठारी गर्ने सामाजिक दलाल सरकारले के गाउँघरका बुढा बाबा र आमाको मुखमा माड र सिटामोल दिन सकेको छ त ? अहँ ।

तथ्य नं. १२) हामी सुक्खाग्रस्त क्षेत्रको गहिरो अध्ययन गरी मोरङमा पुग्दा कथाव्यथाका पोकाहरु त्यहाँ पनि कम्ती छैनन् । एमालेको कार्यकर्ता नभएकै कारण एकजना निमावि इङ्लिस शिक्षक पन्ध्र वर्षदेखि करार सेवा गर्न बाध्य छन् । अब त उमेर हदसमेत नाघेकाले अस्थायी जागिर पनि पाउँदैनन् उनले । यसरी ध्वस्त पारियो योग्य मान्छेहरूलाई । उनले शिक्षक पेसा छोड्छु भन्दा पनि सुख पाउँदैनन् र दरबन्दीमा पनि राखिँदैन । उनको अयोग्यता र दोष भनेको एउटै मात्र छ- उनी गर्धन काटिए पनि कोसी, अरुण तमोर बेच्ने, भ्रष्टाचारी, तस्कर, बलात्कारी, हत्यारा, महँगी र चर्को करको खेती गर्ने अत्याचारी, नामधारी कम्युनिस्ट सरकारवाला एमाले हुन रुचाउँदैनन् । उनी अडानमा छन् । उनको एउटै पुकार छ- यो अत्याचारी जहानियाँ, निरङ्कुश शासनको भद्दा अनुकरणको अन्त्येष्टि गर्ने कोही जन्मेको छ भने बाँकी जिन्दगी उसैलाई हुनेछ । गाउँमा बचेखुचेका युवाहरू बताउँछन्- सरकारको यस्तै रबैया हो भने नलडी हुँदै हुँदैन । यो त अति भो । भोट हाल्नु गल्ती हो । बाँच्नै गारो भयो भनेर । यस्तै किसिमका आक्रोश, घृणा, पीडा असरल्ल पोखिँदा वातावरण गरमजोसयुक्त बनाउन र जनसमुदायलाई वैकल्पिक उपाय रोज्न अभियान सफल भएको छ ।

तथ्य नं. १३) आज हाम्रो अभियान जहाँ पुगेको छ सबै हाँसीखुसी छन् । चित्तप्रसन्न भएर सङ्गठित भएका छन् । कोही त अभियात्री बनेर लामबन्दी लागिसकेका छन् । हामीलाई माओको लम्बे अभियानको नेपाली आयामजस्तै अनुभूति भैरहेको छ । सामाजिक दलाल बाँकी पृष्ठ ७ मा

## गीत/कविता

### तमोर उर्लियो



अनिल शर्मा विरही

तमोर उर्लियो माना अरुनै उर्लियो
वीरहरूको छातीभित्र ज्वाला दन्कियो

सिसाको महल मागेको होइन
एकछाक खान देउ
मौजा हामीले का :बनथब छौँ र
ओत लाग्ने ठाउँ देउ
तमोर उर्लियो माना अरुनै उर्लियो
वीरहरूको छातीभित्र ज्वाला दन्कियो

नमिता-सुनिता कसले माग्यो
अब त बताइदेउ
निर्मला मार्ने कुन दुष्ट होला
ए लोकतन्त्र  हामीलाई जवाफ देउ
तमोर उर्लियो माना अरुनै उर्लियो
वीरहरूको छातीभित्र ज्वाला दन्कियो

हिटलरको भाषा नबोल सरकार
हामीलाई बाँच्न देउ
दलाल  सत्ता विदेशी  बुट  मासे रै छाड्नेछौं
क्रान्तिमा जोड्दै छौं ! हामी जनसत्ता ल्याउँदैछौं
तमोर उर्लियो माना अरुनै उर्लियो
वीरहरूको छातीभित्र ज्वाला दन्कियो

कविता

### कानुन अन्धो हुन्छ



✍ प्रतिक चन्द

हो, कानुन अन्धो हुन्छ
आखामा पट्टि बाधिएको
त्यसैले त,
देख्दैन अन्यायका
ठुला ठुला खाडलहरु
हो, कानुन अन्धो हुन्छ
आखामा पट्टि बाधिएको
त्यसैले त,
देख्दैन मन्चन भैरहेका
ठुला ठुला नाटकहरु
उसले त मात्र सुन्छ
मालिकको अर्डर अर्डर
भन्दै बजारेको घनको आवाज

कानुन अन्धो हुन्छ
आखामा पट्टि बाधिएको
तिमी ठगिन्छौ उसले देख्दैन
तिमी लुटिन्छौ उसले देख्दैन
तिमी कुटिन्छौ उसले देख्दैन
उसले त मात्र सुन्छ
कटघरामा तिमीलाई उभ्याई
सोधिएका अनगिन्ति प्रश्नहरु
उसले त मात्र सुन्छ
तिमी लाटो छौ
त्यसैले ठगिन्छौ,
तिमी सोझो छौ
त्यसैले लुटिन्छौ,
तिमी कमजोर छौ
त्यसैले कुटिन्छौ,
ठग्ने,लुट्ने र कुट्ने वाला
बलियो सावित भयो
त्यसैले, अर्डर अर्डर
जित उसैको भयो
भन्दै सुनाएका
मालिकका फैसलाहरु

तिमी पेस गर
जति नै ठुला सबुतहरु
तिमी ठगिएको,
तिमी पेस गर
जति नै ठुला सबुतहरु
तिमी लुटिएको,
तिमी पेस गर
जति नै ठुला सबुतहरु
तिमी कुटिएको,
कानुन अन्धो छ
आखामा पट्टि बाधिएको
देख्दैन तिम्रा सबुतहरु
उसले त मात्र सुन्छ
कालाकोटेका कू-तर्कहरु,
जसले तिम्रा सबुतहरु
सडक पेटीमा चिच्याउदै
लिलाम बनाईरहेका हुन्छन
सयमा तीन जोर सयमा तीन जोर ‼

## जनताको घरदैलोबाट ...

सरकारले अत्तालिएर पुलिस प्रशासन उकासिरहेको छ। जनसागरमा प्रशासनिक गोहीहरू पनि छन् अनि ह्वेल माछाहरू पनि छन्। एकापसमा लुकामारी चलिरहेको छ। यही हो एकीकृत जनक्रान्तिको मर्म। हामीले गोहीलाई गतिले उछिनिरहेका छौं। हाम्रा अल्छीपनाहरू दूर भैरहेका छन्। जनसमुदायमा क्रान्ति-प्रतिक्रन्तिका परिदृश्यले अर्को नयाँ लडाइँको टेलरभौं प्रत्याभूति दिलाइरहेको छ। फेरि उस्तै दिन त आउँदैनन् भनेर सोच्छन् जनता जनार्दन। ट्वाक्कै उस्तै त होइन, वैज्ञानिक प्रकारको, जित जनताको हुने क्रान्ति अवश्य हुन्छ, गर्नुपर्छ। सामाजिक दलाल सरकारको आतुरीमा दलाल सत्ताले थोपर्ने युद्धको जवाफ एकीकृत जनक्रान्तिले दिनुपर्छ भनिरहेका छौं हामी।

तथ्य नं. १४) हामी जुन गाउँठाउँमा पुग्यौं, अर्को एउटा रमाइलो पक्ष भेट्टायौं। पार्टी र नेतृत्वको नाम स्पष्ट सुन्न पाएको वा सुन्ने फुर्सद भएको देखिएन। एक्काबिहानै उठी गोठालो, असरल्ल किसानी कामको चटारो। झमक्क साँझपख चुत्राले बेरेको टिनवाला घरमा पुगियो। खुइयः गऱ्यो। ओलभोल, ओलन पियो। थकाइले गर्दा झुप्प निद्रामा पऱ्यो। यो त्यहाँका गोठाला किसान दाजुभाइको दैनिकी आज नियति नै बनिसकेको छ। नेत्रविक्रम चन्द 'विप्लव' लाई चिन्नुहुन्छ? भन्दा तीन किसिमका नाम सुन्न पाइयो। यो देशमा केही गरे डिपलभ (डेभलप) विप्लवले गर्छ। अरू सब खरिदबिक्री भए। लम्पसार परे। कुरो नराम्रो त लाग्दै लागेन हौ ती सोझाजनहरूको। डिपलभको अर्थ गहिरो प्रेम हो। देश र जनताप्रति गहिरो प्रेम छ उहाँमा। डेभलपको अर्थ विकास र उन्नति हो। उहाँ उन्नत र वैज्ञानिक चेतनायुक्त भएको पौरखी युवा, क्रान्तिकारी कुशल नेता हो भन्यौं। हाम्रा कुरा सुन्ने जोकोही प्रफुल्ल भए। चित्त प्रसन्न भएर सङ्गठित भए गर, लिम्बू बन्धुबान्धवहरू। अभियान अवधिभर पूर्वेली जनतासँग दिलचस्पीयुक्त जनशैलीका साथ पारिवारिकताको स्नेहमा लडिबुडी गऱ्यौं र त प्रशासनिक बाजहरूको झम्टाइमा परेनौं।

तथ्य नं. १५) हाम्रो टोली मोरङको थबाङजस्तै देखिने एउटा गाउँमा बास बस्न पुग्यो। त्यो गाउँका युवकयुवती, बुढापाका क्या मिजासिलो स्वभावका रहेछन्। सबैजना भेला भए। सुरुचिपूर्वक हाम्रो विचार र नीति ग्रहण गरे। सङ्गठित भए। हामीलाई ऊर्जाशील व्यवहारले आकर्षित गरे। उनकै गाँस, बास र कपासको न्यानोमा हामीले अगाडि बढ्ने योजना बनायौं। एउटा सानो टुकडी अर्को गाउँमा पठायौं। ठूलो हूल बेलुकीपख पुग्यौं। एउटा घरमा दुईजना बहिनीहरू। हामी पुग्नेबित्तिकै हँसिलो मुद्रामा सत्कारयुक्त व्यवहारमा अग्रसर भएको पाइयो।

उहाँहरू निकै खसी देखिनुहुन्थ्यो। किन यति खुसी र सहज? मेरो मस्तिष्कमा कुतूहल तैरिरहेको थियो। उहाँहरूको मनोविज्ञान गहिरो गरी पढिरहें मैले। हामीलाई खानपान र बिस्तराका लागि ज्याइँलाई भैं व्यवहारले आफ्नो सत्कारको पहिचान दिनुभयो। डराएर होला कि असाध्यै प्रशिक्षित भएर होला कि? किन कलिला बहिनीहरू यति सक्रिय? खुल्दुली पलाइरह्यो। गाउँका सबैजनालाई बोलाई मैले प्रशिक्षण दिएँ। सबै सङ्गठित हुनुभयो। बिहान हामी केहीजना त्यहीँ बस्यौं। बाँकी टोली अघि बढ्यो। ती बहिनीहरूसँग राम्ररी सोधपुछ गर्दा उहाँहरू नन्दभाउजू हुनुहुँदो रहेछ। भाउजूले हाम्रो टोली आएको कुरा माइतीलाई जानकारी दिँदा माइतीतर्फका एकजना चेतनशील व्यक्तित्वले हाम्राबारेमा सिफारिस गरिदिनुभएको कुरा खुल्यो। उहाँहरू विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीका नेताहरू हुनुहुन्छ। अत्यन्त राम्रा मान्छे हुनुहुन्छ। यस्ता मान्छे पहिले कहिल्यै तिम्रो-हाम्रो घरमा आएनन्। राम्रोसँग खानाबस्नको व्यवस्था गर्नू। उहाँहरूले भनेको मान्नू। उहाँहरू हाम्रा लागि घरदैलो गरिरहनुभएको छ। यस्तो भनेको रे! अनि हामीदेखि तर्सने कुरै भएन नि।

सानो सहयोग भैगोभैगो भन्दाभन्दै छोडेर हामी प्रफुल्ल हुँदै अघि बढ्यौं।

विचार र व्यवहारले जनताको मन जित्नसके जनता कति खुल्छ र आफ्नो सक्कली अनुहार देखाउँछ भन्ने कुराको यो मीठो नमुना हो।

तथ्य नं. १६) जब हाम्रो अभियान शानदार रूपमा सफल हुँदै गयो। युवाहरू हामीलाई भेट्न ओइरिन थाले। परिणामस्वरूप उही गाउँमा हामी, उही गाउँमा प्रहरी। प्रहरी प्रशासनलाई सूचना जान छोड्यो। बरु उनीहरूको गतिविधिको सूचना आउन थाल्यो। हाम्रो टोली जनताको दैनिकीमा एकाकार भयो। जनभोजको आयोजना गर्न पनि पछि परेनौं। मिठोमसिनो बाँडीचुँडी खान थाल्यौं। चुनावी ब्वाँसाको कन्याइजस्तै भोजभन्दा जनभोजले जनतालाई सम्मानको अनुभूति दिलाउँछ। यो कम्युनिस्ट सभ्यता पनि त हुन सक्छ। हाम्रो टिमले कुनै गल्ती गरे भन्नुहोला है नानाहरू। हैनहैन, हामीलाई रमाइलो लागिरहेको छ। हामी त दुःखी-गरिब। एक्ला गोठाला। तपाईंहरू आएपछि धेरै भरोसा पलाएको छ। हामी दुःखी गरिबलाई आड दिनोस्। हामी तपाईंहरूलाई साथ दिन्छौं। ती भोटवादीहरूले तर्साएर, आस देखाएर हैरान पारे। डरले भोट हालेको। भोलि अड्कोपड्कोमा प्रशासनिक अप्ठ्यारो आइनलागोस् भनेर। हौ बरा किसानी सुधो जिन्दगी।

कमरेड महासचिव!

सत्य निरूपण : देश र जनताको आवश्यकता। एकीकृत जनक्रान्तिको सफलता। उत्पीडित वर्ग, राष्ट्र, समुदाय र लैङ्गिक एकता। यसै क्रममा पूर्वेली श्रमजीवी जनताका लागि एउटा ज्वलन्त आवश्यकता मुखरित भैरहेको छ। त्यो हो जनजीविकाको समस्या समाधान। कतै सुक्खाग्रस्त क्षेत्र काकाकूल छ, तमोरको पानी लिफ्टद्वारा आपूर्तिको कदम चाल्न खातिर बृहत् जनसङ्घर्षको खाँचो छ। साथै वैकल्पिक उपायका लागि सहयोगी, शुभचिन्तकहरूलाई अग्रसर गराउन जरुरी छ। सरकारी विद्यालयहरूको दुर्दशा हेर्न लायक छैन, त्यसको स्तरोन्नतितर्फ कदम चाल्न जरुरी छ।

उत्पादनको क्षेत्र पनि दयनीय नै देखियो, कृषिविज्ञहरूको ध्यानाकर्षण गराउन जरुरी छ। गाउँघरमा स्वास्थ्योपचारका लागि असाध्य आवश्यकता छ। कम्तीमा स्वास्थ्य शिविर सञ्चालनको कदम चाल्न जरुरी छ। न्याय, निसाफ कुन चरीको नाम होभैं देखियो। त्यसतर्फ सोचाइ पुऱ्याउनुपर्ने देखिन्छ। विकास निर्माणको जन-इरादा बढेकै छ। त्यसतर्फ प्राथमिक क्रममा कदम बढाउन जरुरी छ। आज दलाल राज्यसत्ताद्वारा जनसमुदायलाई राजनीतिक विचारको शून्यतातर्फ धकेलिएको छ। यसबारे विशेष रूपले सोच्न र कम्युनिस्ट जनसमुदाय निर्माणार्थ जन-स्कुलिङ सञ्चालन साथै पूर्वी नेपाल केन्द्रीकरणका लागि जनसभा आयोजना गर्न गरुरी छ। सारतः वैज्ञानिक समाजवादको प्रारूप जनसत्ताको आवश्यकता असाध्य खट्किएको पाइयो। जतिसुकै हर्कत गरे पनि र तानाबाना बुने पनि सङ्कटग्रस्त सामाजिक दलाल सरकार र दलाल संसदीय व्यवस्थाप्रति अरुचि नै छ पूर्वेली जनसमुदायको। सच्चा कम्युनिस्ट पार्टीको नेतृत्वमा जनसैन्यबलको उचित प्रयोग र जनसत्ताको जीवनशील अभिव्यक्तिलाई अझै सुदृढीकरण गर्न खातिर विशेष जोड गरे जनचाहना पूरा हुनेछ। केवल भूतकालीन थोत्रो संसदीय त्रासदीबाहेक।

## सर्वोच्चको फैसलाप्रति ...

विद्रोह गरेर जनमुक्ति सेनामा समावेश हुने विषय जनयुद्धको विषय हो र त्यसप्रकारका प्रश्नहरूको समाधान विस्तृत शान्तिसम्झौतामा गरिसकिएको दाबी गरिएको छ। तर प्रचण्ड-बाबुरामको नेतृत्वमा भएको जनयुद्धमा सहभागी कमरेडहरू भलकुमार भगत र सिंहबहादुर शाहीलाई प्रचण्डकै नेतृत्वको सरकार भएको समयमा दण्डित गर्ने अदालतको फैसला खेदजनक र अस्वीकार्य छ। तसर्थ असार २४ गते सर्वोच्च अदालतले निजहरूका सम्बन्धमा गरेको फैसला फिर्ता गर्न र उहाँहरूलाई ससम्मान रिहा गर्न पार्टी जोडदार माग गर्दछ।'

## सरकार नागरिक हत्यामा ...

यातना दिएर हत्या गर्नेमध्येका मुख्य हत्यारो प्रहरी सञ्जीव राई र उनको टोलीसँग असार २५ गते हाम्रो पार्टीको सगरमाथा ब्युरो सदस्य एवम् ओखलढुङ्गा जिल्ला समितिका सेक्रेटरी कमरेड नीरकुमार राई 'प्रशान्त' भोजपुर सदरमुकाममा रहेका आफ्नो परिवारसँग भेटघाट सकेर फर्कने क्रममा जम्काभेट हुँदा कमरेड तीर्थराजका हत्यारा प्रहरी सञ्जीव राईको प्रतिरोध गर्ने क्रममा पार्टीका होनहार कमरेड प्रशान्तको सहादत भएको छ।'

विज्ञप्तिमा अधिकारले भनेका छन्, 'षडानन्द नगरपालिका वडा नं. १३ गोया घर भई ओखलढुङ्गामा कार्यरत हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी सगरमाथा ब्युरो सदस्य एवम् ओखलढुङ्गा जिल्ला समितिका सेक्रेटरी नीरकुमार राई 'प्रशान्त' एक इमानदार, जुझारु, जनप्रिय र क्रान्तिप्रति बफादार नेता हुनुहुन्थ्यो। उहाँको सहादतले हाम्रो पार्टीलाई अपूरणीय क्षति पुगेको छ। उहाँको बलिदानले दलाल पुँजीवादी सत्ताको अवसानलाई अझ नजिक बनाउने काम गरेको छ भने वैज्ञानिक समाजवादी सत्ता स्थापनाका निम्ति सिङ्गो आन्दोलनलाई थप प्रतिबद्ध बनाएको छ। हाम्रो पार्टी उहाँप्रति उच्च सम्मान प्रकट गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ।'

विज्ञप्तिको अन्त्यमा इन्चार्जले भनेका छन्, 'यस स्थितिमा हाम्रो पार्टी उहाँका परिवारजन, पार्टीपङ्क्तिका सम्पूर्ण कमरेडहरूलाई शोकलाई शक्तिमा बदल्न र बदलाभावका साथ मैदानमा खट्न आग्रह गर्दछ। देश र जनताका निम्ति निरन्तर सङ्घर्षमा डटिरहनुभएका कमरेड प्रशान्तलाई महान् सहिद घोषणा गर्दै उहाँको सपना खेर जान नदिने प्रण गर्दछौं।'

## रोल्पाका गाउँ गाउँमा ...

गाउँगाउँमा नेकपाका स्थानीय नेता-कार्यकर्ताहरूको घरघरमा र गङ्गादेव गाउँपालिकाकै पाखापानीमा शिक्षकहरूलाई सोधपुछ गर्नुका साथै विद्यालयमा समेत सर्च अप्रेसन गरेर प्रहरीले विद्यार्थी र जनतामा आतङ्क उत्पन्न गरिरहेको बताएको छ। यसरी रोल्पा जिल्लाका विभिन्न गाउँगाउँदेखि घरघरसम्म हतियारसहित सर्च अप्रेसन गर्दा रोल्पाका जनता फेरि पनि राज्यले युद्ध थोपर्न लागेको त होइन भन्ने शङ्का गर्न थालिसकेका छन्।

## निर कुमार राईको ...

ठाउँमा आयोजना गरेको नीरकुमार राईको श्रद्धाञ्जलीसभामा जिल्ला सचिवालय सदस्य तथा एरिया इन्चार्जहरूले सम्बोधन गरेका छन्। टीकापुर नगरपालिकामा एरिया इन्चार्ज हृदय बोगटी, लम्की नगरपालिकामा एरिया इन्चार्ज नरेन्द्र, घोडाघोडी नगरपालिकामा एरिया इन्चार्ज प्रकाश रावल, गौरीगङ्गा नगरपालिकामा एरिया इन्चार्ज सुशील, कैलारी गाउँपालिकामा एरिया इन्चार्ज अविरल र धनगढी उपमहानगरपालिकामा केशव उपाध्यायले सम्बोधन गरेका छन्।

धनगढी उपमहानगरपालिका इन्चार्ज केशव उपाध्यायले कार्यक्रममा सम्बोधन गर्दै भने, 'केपी वली-बादलकम्पनी जनताको सरकार नभई श्वेतआतङ्क मच्चाउने गुन्डा-गिरोहको सरकार हो। यसको चरित्र फासिवादी दक्षिणपन्थी दलालहरूको मतियार रहेकाले जनतामाथि दिनप्रतिदिन हत्या-हिंसा थोपरिँदै गएको छ। क्रान्तिकारीहरू सजग भई सशस्त्र प्रतिकार गर्ने समय आइसकेको छ।'

यसैबीच आइतबार झापामा पनि श्रद्धाञ्जलीसभा सम्पन्न भएको छ। युवा सङ्गठन झापाका सचिव अनिलले सञ्चालन गरेको कार्यक्रममा जिल्ला जनसरकार प्रमुख टीका, जिल्ला सचिव मनीषलगायतले सम्बोधन गरेका थिए। वक्ताहरुले हतियारसँगै खेलेर आफूहरुले राजनीति सिकेको स्मरण गराएका थिए। नियन्त्रणमा लिएर इन्काउन्टरका नाममा कायरतापूर्ण हत्यामा नउत्रन चेतावनी दिँदै यस्तै हर्कत जारी राखे चुप लागेर नबस्ने चेतावनीसमेत दिए।

शेरधनको जिल्लामा जस्तै केपीको जिल्लामा पनि उस्तै प्रकाको घटना गराउने हल्ला चलाएकोप्रति इङ्गित गर्दै सचिव मनीषले वैज्ञानिक समाजवादी सत्ता, जनताको अधिकार, न्याय र स्वतन्त्रताका लागि मुक्तिचोकमा गोली खान तयार रहेकोसमेत बताए। त्यस्तै दमकको शोकसभालाई सम्बोधन गर्दै प्रमुख अतिथि नगर सेक्रेटरी समीरले भने, 'दलालहरूको प्रतिरोध गर्न नीरकुमार राईले दिएको बालिदानको बाटोमा युवा वर्ग होमिनुपर्ने बेला आएको छ।' युवा वर्ग देशको निर्माणकर्ता भएकाले क्रान्तिमा होमिन सम्पूर्ण युवाहरूलाई उनले आह्वान पनि गरे।

## राज्य दोहनको ...

गर्ने अल्पकालीन-दीर्घकालीन कुनै रणनीति छैन। भारतीय पक्षको चाकरी गर्ने र आपसमा 'गाँड' कोराकोर गरेर समय खेर फालिरहेका छन्।

अकस्मात् बिहीबारदेखिको मनसुनी वर्षाका कारण प्राकृतिक विपत्तिले पूर्वी नेपाल र तराईमा ६ दर्जनभन्दा बढीको ज्यान गएको छ। दुई दर्जनभन्दा बढी बेपत्ता भएका छन् भने उनीहरू सकुशल फर्किने सम्भावना कम छ। दर्जनौं घाइते भएका छन्। यो प्राकृतिक विपत्ति त हो नै त्यसभन्दा बढी भारतले मानवनिर्मित अग्ला बाँध बाँध्ने तर नेपालतिर केही नगर्ने, नदीको प्राकृतिक बहाव कायम गराउन पनि नसक्ने शासकीय लाचारीले गर्दा तराईमा कटान र डुबान भएको छ। त्यसकारण यो प्राकृतिक पक्ष र शासकीय विपत्ति बढी हो।

भारतले सप्तकोसी बाँधनजिकका नेपाली सेनाको ब्यारेक र प्रहरी चौकी हटाउन दबाब दिएको सूचना पनि आएको छ। नेपाली भूमि र नागरिक सुरक्षामा खलल पुऱ्याउन तथा भारतीय स्वार्थमा ती नेपाली संस्थाहरू भारतीय पक्षलाई बाधक भएको हुनसक्छ।

न्यूनतम् मापदण्ड मिचेर नदीबाट निर्माण सामग्री दोहन गर्दा सडकका पुलहरू भत्केका छन्। चुरे दोहनले गर्दा तराईमा नदीको बाढी अनियन्त्रित भएर तराईका गाउँमा पसेको छ। नदी गाउँमा पसेका छन्। कथित विकासे योजनाले यत्रतत्र पहिरोले विपत्ति मच्चाएको छ। बन तस्करहरूले चुरेको जङ्गल नाङ्गो बनाएका छन्। पुनर्भरण नहुँदा हिउँदमा पानीको हाहाकार हुन्छ। सिँचाइको अभावले मरुभूमीकरण बढ्दै गएको छ भने बर्सातमा डुबान र कटानले धनजनको क्षति हुने गर्छ।

प्राकृतिक प्रकोपलाई शतप्रतिशत रोक्न सकिन्न तर न्यूनीकरण गर्न सकिन्छ। अनियन्त्रित दोहन, नदी क्षेत्रको अतिक्रमण, विदेशी हस्तक्षेप, वन विनासजस्ता मानव निर्मित विपत्तिका कारण प्राकृतिक प्रकोप अनियन्त्रित भएको छ। त्यसकारण जनविरोधी र दलाल चरित्रको राजनीतिक प्रणालीको अन्त्य नभएसम्म यस्ता घटनाहरू झन्झन् बढ्दै जानेछन्।

यसैबीच ने.क.पा.का महासचिव विप्लवले विज्ञप्ति जारी गर्दै बाढीपहिरोबाट ज्यान गुमाएका मृतकप्रति श्रद्धाञ्जली र पीडित परिवारजनप्रति सहानुभूति प्रकट गरेका छन्। त्यसैगरी महासचिव विप्लवले पीडित परिवारलाई राहत, क्षतिपूर्ति, घरबास गुमाएकालाई बास र रोजगारीको व्यवस्था गर्न पनि माग गरेका छन्।

विज्ञप्तिको पूर्ण पाठ यस्तो छ-

'बिहीबारदेखि देशभरी भएको अविरल बर्षा, बाढी, पहिरो र डुबानका कारण देशमा ठूलो जनधनको क्षतिभएको छ। प्रकृतिमाथिको अराजक, अनियन्त्रित दोहन, राज्यको पुर्व तयारीको अभाव, भारतसँग भएका असमान सन्धि सम्झौता, नेपाल भारत सीमानामा बनेका बाँध, तटबन्धन र अन्तर्राष्ट्रिय कानून विपरित नेपाल भारत सीमानासँग टाँसिएर बनाइएका विशाल सडकहरु, गरिब श्रमिक जनताको जोखिमपूर्ण बसाई गर्नुपर्ने बाध्यताका कारण प्राकृतिक प्रकोपमा परी गरीब जनताले ठूलो जनधनको क्षति व्यहोर्न परेको छ। हाम्रो पार्टी प्राकृतिक प्रकोपमा परी ज्यान गुमाउनु भएका सबै नागरिकहरुप्रति श्रद्धाञ्जली अर्पण गर्दछ र पीडित परिवारजनप्रति सहानुभूति व्यक्त गर्दछ। मृतकका परिवारलाई अल्पकालीन, दिर्घकालीन, क्षतिको उचित राहत उपलब्ध गराउन र घरबास गुमेकोलाई बास र रोजगारी व्यवस्था गर्न सम्बन्धित निकायसँग माग गर्दछ। साथै सम्पूर्ण पार्टी पंक्तिलाई राहत र उद्दारमा जुट्न निर्देशन गर्दछ।'

## बाढी पहिरोबाट ...

भएको प्रहरीले जनाएको छ।

यस्तै प्रदेश नम्बर ५ का पाल्पा र दाङमा १-१ गरी २ र कर्णालीको डोल्पा तथा जाजरकोटको सीमा क्षेत्रको कासिल खोलामा बगेर २ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ। मृतकको सङ्ख्या यसभन्दा बढी हुनसक्ने समाचारमा जनाइएको छ।

यस्तै बेपत्ता हुनेमा प्रदेश नम्बर ३ मा ८, प्रदेश नम्बर १ मा ८, प्रदेश नम्बर २ मा ३, प्रदेश नम्बर ५ मा १ र कर्णालीमा ९ जना रहेको प्रहरीको केन्द्रीय कार्यालयले जनाएको छ।

बाढी र पहिरोमा परेका १ हजार ४ सय ४४ जनाको उद्दार गरिएको प्रहरीले जनाएको छ।

## नेकपाका नेता कार्यकर्ता ...

किसान तथा मजदुरको पार्टी भएकाले किसान मजदुरसँगै काम गर्ने अभियान थालेको बताए। उनले भने, 'हामी गाउँमा जनतासँगै छौं। जनताको घरमा असारको मौसममा हुने सबै काममा सहयोग गर्दै आएका छौं। पार्टीको निर्णयअनुसार सुरु गरिएको जनश्रमदान अभियानअन्तर्गत किसानको खेतमा मकै गोड्ने, धान रोप्ने, कोदो सार्नेलगायत काममा सघाउँदै आएका छौं।'

नेपाल कम्युनिस्ट पार्टीको भ्रातृ सङ्गठन दलित मुक्ति मोर्चाका केन्द्रीय सदस्य साहसीले किसानहरूको पार्टीका कार्यकर्ता गाउँमा जनतासँगै रहेको बताए। नेकपाका कार्यकर्ता भूमिगत शैलीमा हिँड्छन् भन्ने आरोप मात्रै रहेको र जनताको पार्टी जनताबाट टाढा हुन नसक्ने उनको भनाइ छ।

यसैबीच नेकपा निकट युवा सङ्गठनका भेरी-कर्णाली संयोजक शीतल बिष्टले भ्रष्ट जनप्रतिनिधि प्रमुख निशानीमा रहेको बताए। 'राम्रो काम गर्नेहरूलाई सम्मान गर्ने र अनियमितता गर्नेहरूलाई जनकारबाही गर्ने पार्टीको योजना छ। कालीकोटका सबै स्थानीय तहमा व्यापक अनियमितता भएको जनगुनासो आएको छ', बिष्टले भने। यसका विषयमा पार्टीको समन्वयमा युवा सङ्गठनले छानबिन गर्ने उनको भनाइ छ। युवा सङ्गठनका केन्द्रीय सदस्यसमेत रहेका बिष्टले अनियमितताकै विरुद्धमा जिल्लाका ९ वटै स्थानीय तह र ८२ वडामा ताला लगाइएको बताए।

कतिपय कामै नभएका योजनाहरूको बजेट जनप्रतिनिधिले आफ्नो खातामा ल्याउने, काम नभए पनि भुक्तानीका लागि निश्चित प्रतिशत माग्ने गरेको गुनासो आफूहरूसँग आएको हुनाले अब यस्ता गतिविधिविरुद्ध कडा रूपमा प्रस्तुत हुने चेतावनी बिष्टले दिए।

केही दिनअघि मात्रै भेरी-कर्णाली ब्युरोअन्तर्गत १० जिल्लाका १ हजार २ सयजति युवाको संयुक्त बैठक पनि बसेको छ। ती युवाले अब गाउँमा आएका भ्रष्ट सरकारका कामको उच्च निगरानी राख्ने बताएको छ। साथै पार्टीको काममा पूर्ण समय दिएर सङ्गठन विस्तारमा लाग्ने र त्यसका लागि पार्टीले सामान्य आधारभूत खर्चको व्यवस्था पनि मिलाएको बताइएको छ।

## नेकपाका नेता रणविर ...

जिल्ला कारागार बाँके चलान भएका हुन्।

बाँके जिल्लाको कोहलपुर बसपार्कबाट जेठ २५ गते गिरफ्तारीमा परेका भरत बम 'रणवीर' र कालीकोट जिल्लाको हिपकोट घर भएका सत्यबहादुर शाहीलाई सङ्गठित अपराधको मुद्दा लगाइएको थियो।

## सुकुमबासीलाई उठिवास ...

पूर्वमाओवादी केन्द्रका नेता-कार्यकर्ताहरू परिचालन भएका छन्। वर्षाका कारण टहराको जीवन कष्टकर भइरहेको बेला सरकारले बिहीबार टहरा भत्काउन थालेको हो। वर्षायाममा टहरा भत्काउँदा सुकुमबासीको विचल्ली भएको छ। नेपाल कम्युनिस्ट पार्टीले सुकुमबासीको उठीबास लगाउने कार्यप्रति आपत्ति जनाएको छ।

सत्तापक्षले भीषण वर्षा भएको बेला सामान्य मानवीयतासमेत गुमाएर नागरिकको उठीबास लगाएको भन्दै नेकपाले आक्रोश व्यक्त गरेको छ। नेकपाले सुरुदेखि नै सुकुमबासीको उठीबास लगाउने कार्यको विरोध गर्दै आएको छ। हरैयाका सुकुमबासीलाई राज्यले त्यहाँबाट एक इन्च पनि दायाँबायाँ गरे त्यसको कडा प्रतिकार गर्ने नेपाल कम्युनिस्ट पार्टीका कैलाली जिल्ला सेक्रेटरी प्रकाश मल्लले बताएका छन्। साथै उनले तत्कालै त्यहाँ सुकुमबासीहरूको रक्षाका लागि जनपरिचालन पनि गरिएको बताएका छन्।

यस्तै थारुवान स्वायत्त प्रदेशअन्तर्गत जनपरिषद् कैलालीले कैलालीको गोदावरी नगरपालिका वडा नम्बर ६ हरैया शिविरका सुकुमबासीहरूलाई बसिरहेको बासस्थान नछोडी डुक्क भएर बस्न आग्रह गरेको छ। साथै जनपरिषद्ले भीषण वर्षासँगै बाढीको बेलामा घर भत्काएर जनताको उठीबास गर्ने दलालहरूलाई कतै गए पनि नछोड्ने बताएको छ।

कैलाली जिल्ला जनपरिषद् प्रमुख हर्कबहादुर विकले प्रेसविज्ञप्ति जारी गर्दै सुकुमबासी शिविरमा बसेका सबै सुकुमबासी किसान जनसमुदायलाई डुक्क भएर बस्न पनि आग्रह गरेका छन्। उनले विज्ञप्तिमा भनेका छन्, 'दलालहरूले सुकुमबासीलाई उठीबास लगाए पनि शिविरको समस्या देखेर नेपाल प्रहरीले जुन दया र माया देखाएको छ त्यसप्रति प्रहरी मित्रहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छौं।'

अविरल वर्षाले कैलालीमा बस्दै आएका सुकुमबासीको जनजीवन प्रभावीत भइरहेको बेला सामान्य मानवीयतासमेत गुमाएर असार २५ गते निलम पाण्डेय, मीन गुरुङ, लप्टन चौधरी, नरेन्द्र बटाला (प्रदेशी) लगायत दलालहरूले सुकुमबासीका घरटहरा भत्काउन सुरु गरेको भन्दै जनपरिषद्ले विरोध तथा भर्त्सना गरेको छ।



नियमित

# गणतन्त्रका नाममा लुटतन्त्र

सूर्य बराल

देशमा राजतन्त्र फालेर गणतन्त्र ल्याएको पनि १२ वर्ष भइसकेको छ । तर गणतन्त्र आएको यत्तिका समय भइसक्दा पनि देशमा कुनै सुधारको सङ्केत छैन । देशमा गणतन्त्रका नाममा लुटतन्त्र मच्चाउन स्वयम् काङ्ग्रेस र नामधारी कम्युनिस्ट नै लागेको देख्दा आम मानिसहरू दुखित छन् । अझ दुःखलाग्दो कुरा त जनताले रगत बगाएर ल्याएको यो व्यवस्थामा पनि नेताहरूको चरित्र र कार्यशैली पुरानै रहनु, राज्यसत्ताका तीनै अङ्ग कार्यपालिका (सरकार), व्यवस्थापिका (संसद्) र न्यायपालिकामा विगतको भन्दा बढी भ्रष्टाचार मौलाउँदै जानु, कर्मचारीतन्त्र, प्रहरी, प्रशासनलगायत सरकारी कार्यालयहरूमा घुसतन्त्र र लुटतन्त्र मौलाउँदै जानु, देशमा महँगी, गरिबी, अभाव उस्तै रहनु मात्र होइन, झन् विकराल बन्दै गइरहेको छ । सुशासन कुन चराको नाम हो, सरकारलाई थाहै नभएको जस्तो देखिन्छ । देशमा विद्यमान नीतिनियमहरूमा सुधार गर्नुका साथै बेथितिलाई नियन्त्रण गर्नुपर्ने सरकारका मन्त्रीहरू, तिनका आसेपासे र सत्ताधारीहरूका अरिङ्गालहरू उल्टै कसले धेरै लुट्ने भन्ने प्रतिस्पर्धा गरिरहेका छन् । सरकार, प्रशासन, प्रहरी, कर्मचारी र समाजमा सबैभन्दा भ्रष्ट र बदनामहरूलाई पुरस्कृत गर्ने कार्यलाई वली सरकारले प्रोत्साहन दिएको प्रस्ट देखिन्छ । शान्तिप्रक्रियामा रहेको त्रुटिलाई सच्याउन सरकारको कुनै स्पष्ट कार्ययोजना देखिँदैन । वर्तमान सरकार र राजनीतिक दलहरूलाई के हेक्का हुन जरुरी देखिन्छ भने विगतको जनयुद्धकालीन सम्पूर्ण शक्ति यो प्रक्रियामा सामेल छैन । सुरुबाटै प्रक्रियामा त्रुटि भएको विषयमा बहसहरू भइरहेकै छ । त्यो शक्ति राजनीतिको मूलधारमा नआएको अवस्थामा दिगो शान्तिको वातावरण नै बन्न सक्दैन । दिगो शान्तिबिना न यहाँ लगानी आउनेछ, न त हामीसँग भएको पुँजीलाई हामी निर्धक्कसँग लगाउन सक्छौँ । यस्तो अवस्था रहे बाहिरबाट त छाडौँ, देशमा रहेको पुँजीसमेत बाहिरिने खतरा आउँछ । गणतन्त्रका यतिका वर्ष हामीले संविधान र सङ्घीयतामा फालेका छौँ जो त्यति धेरै अर्थपूर्ण देखिँदैन । यतिको संविधान बनाउन केही विज्ञको केही महिना नै पर्याप्त हुन सक्थ्यो तर राजनीतिक खिचातानी र बेकारको नाटकमा समय व्यतीत गरेर बल्लतल्ल एक थान संविधान त ल्याए दलहरूले तर त्यसले देशको वर्तमान समस्यालाई हल गर्ने अवस्था छैन ।

गणतन्त्रमा आलङ्कारिक राष्ट्रपतिलाई अनावश्यक सुविधा र राज्यलाई भार पर्ने गरी जुन कार्यहरू भइरहेका छन् त्यो गलत छ । मुख्य कुरा त मदन भण्डारीको हत्यारा पत्ता नलागेको स्थितिमा उनकी श्रीमती विद्या भण्डारीले नैतिकता देखाएर त्यो पदमा बस्न हुँदैनथ्यो । बसिहाले पनि हत्यारा पत्ता लगाउन सक्नुपर्थ्यो तर पदलोलुपता दर्साउँदै विद्या भण्डारी दोस्रो कार्यकालका लागिसमेत राष्ट्रपति बन्नुभयो । त्यो थप लज्जा र गणतन्त्रकै मजाक थियो जो इतिहासले एक दिन पुष्टि गर्ने नै छ । राष्ट्रपतिका कारणले पनि गणतन्त्र बदनाम हुने अवस्थामा आइपुगेको आमविश्लेषण छ । हुनत यसो भन्दा अरिङ्गालहरूले डस्न सक्छन् प्रतिरोध गर्नुको विकल्प छैन ।

विगतका सरकारहरूका कारण पनि गणतन्त्र बदनाम भएको हो । त्यसमा एक नम्बरमा काङ्ग्रेस सभापति शेरबहादुर देउवा पर्दछन् । काङ्ग्रेसजनहरू चुनावमा पछारिनुको एउटा कारण नै शेरबहादुर देउवाको सरकार हो । जसले भ्रष्टाचार र अनियमिततामा अहिलेको सरकारकै हाराहारीमा हर्कतहरू गरेको थियो । काङ्ग्रेस पार्टी शेरबहादुरको नेतृत्वमा रहेसम्म थप पतनको खाडलमा जान्छ जुन आगामी दिनले थप प्रस्ट पार्नेछ ।


मधेसवादी दलहरू पनि गणतन्त्रलाई बदनाम गराउने कार्यमा भूमिका निर्वाह गरिरहेका छन् । हिजो राजाको शासन हुँदा कम्तीमा एउटा डर थियो जो खुलमखुल्ला देशको विरुद्धमा बोल्न सक्तैनथे तर आज कतिपय मधेसवादी दलहरू नाङ्गै विदेशी, मुख्यतः भारतीय सत्ताधारीको चाकडी गर्दै नेपालविरोधी गतिविधि गरिरहेका छन् ।


अन्य दलहरू जसरी भारतीयलाई रिझाउन लागिपरेका छन् यिनीहरू पनि नेहरू डक्ट्रिनको एक हिस्साका रूपमा काम गरिरहेका छन् । पूर्वराजाका रूपमा राज्यको स्रोत, साधन र सुरक्षा लिएर बसेका ज्ञानेन्द्र शाह र तिनका समर्थक शुभचिन्तकहरू पनि जसरी हुन्छ गणतन्त्रलाई बदनाम गर्न लागिरहेका छन् । आफूलाई राजतन्त्रवादी भन्ने कमल थापाहरूलाई सरकारमा ल्याइराख्दा पनि गणतन्त्र थप बदनाम भएको हो । जेलमा कोच्नुपर्नेहरूलाई नै सम्मान, सुरक्षा र गणतन्त्रको महत्वपूर्ण पद दिएपछि गणतन्त्रको बदनाम हुनु स्वाभाविकै हो ।

अर्कोतर्फ हिजो जेजति बेथितिहरू थिए, आमआशा थियो- तिनीहरू गणतन्त्रपछि सिद्धिनेछन् । भ्रष्टाचार नियन्त्रण हुनेछ । घूसखोरी र अनियमितता घट्नेछ । कालोबजारी नियन्त्रण हुनेछ । यस्तै सबै विकृति-विसङ्गतिहरू नियन्त्रण हुँदै जानेछन् तर जनताको त्यो सोचाइ वर्तमान व्यवस्थाका मठाधीशहरूले नियन्त्रणमा लैजाने त परैको कुरा, उल्टै त्यस्तै दलाल, भ्रष्ट, ठग, घुस्याहा र तस्करहरूलाई प्रधानमन्त्रीदेखि दलका नेता र सरकार अनि प्रशासनका मान्छेसम्मले साँठगाँठ गरी झन् जनतालाई निराश बनाउने काम भयो । यसले गर्दा जनता यो गणतन्त्रले हामीलाई के दियो भन्ने सोच्न बाध्य भए । गणतन्त्रले त झन् शोक, भोक अनि रोग मात्र हैन, केही शक्तिशाली र तिनीहरू संरक्षित तप्काले जे गरे पनि हुने व्यवस्था दियो । यसरी दिनप्रतिदिन गणतन्त्रलाई बदनाम गराउन स्वयम् दलहरू राज्य संयन्त्रका अङ्गप्रत्यङ्गहरू र सरकारहरू लागेको देखियो ।

गणतन्त्रका लागि लड्नेहरू भन्दा गणतन्त्र ल्याउन खासै भूमिका नभएकाहरू वर्तमान गणतन्त्रका मसिहा जस्तो भ्रमपूर्ण अवस्थाले गर्दा पनि गणतन्त्र आफैँमा भ्रमतन्त्रजस्तो हुन गयो अर्थात् बलिदानीपूर्ण सङ्घर्षभन्दा पनि तिकडमपूर्ण राजनीति गर्नेहरूको हातमा गणतन्त्रको गद्दी रहेका कारण बाँदरको हातमा नरिवलजस्तो हुन गयो ।

विशेषतः केही पश्चगामी राजतन्त्रवादीहरूलाई गणतन्त्र बदनाम हुँदा राजतन्त्र फर्काउन सकिन्छ भन्ने भ्रमको मृगतृष्णा उत्पन्न भइरहेको छ । त्यो दिवास्वप्न मात्र हो किनकि गणतन्त्रका लागि हामी हिजो पनि युद्धबाटै यहाँसम्म आएका हौँ । अब यो दलाल संसदीय व्यवस्थासहितको गणतन्त्रले जनतालाई राहत दिन सकेन । लोककल्याणकारी काम गर्न सकेन । फेरि हामी बलिवेदीमा होमिनुपर्ने अवस्था उत्पन्न भइसकेको छ । त्यसपछि देशमा जनताको गणतन्त्र आउनेछ । गणतन्त्रका नाममा लुटतन्त्र मच्चाउनेहरूलाई जनताले सडकबाट लछारेर जनताको लोकल्याणकारी गणतन्त्र ल्याउनेछन् । जनताले यो लुटतन्त्रको जर्जर अवस्थाबाट मुक्ति चाहेका छन् । आखिर गणतन्त्रका नाममा यो लुटतन्त्र कहिलेसम्म ? यसको जबाफ कसले दिने ? वर्तमान सरकार र दलहरूले ? कि समयले ? पर्खाइमा जनता छन् आगे चेतना भया ।













निर्देशक : **अनिल शर्मा**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाईं**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ